# ALL NATIONS GOSPEL PUBLISHERS



Copyright ANGP

www.angp-hb.co.za

info@angp.co.za

*NEPALI Heart Book*

# मनुष्य हृदय

## ( THE HEART OF MAN )

Copyright ANGP

**COPYRIGHT**
ISBN 0 - 908412 -21 - 5

E-MAIL: info@angp.co.za
**ALL NATIONS GOSPEL PUBLISHERS**
P.O. Box 2191, PRETORIA, 0001, R.S.A.
(A Gospel Literature Mission financed by donations)
(Reg. No. 1961/001798/08)

पाप गर्ने हरेकले व्यवस्थाको विरोध गर्दछ, किनकि पाप ता व्यवस्थाको विरोध हो।

पापहरू हरण गर्नलाईनै उहाँ (येशू ख्रीष्ट) प्रकट हुनुभएको हो भन्ने तिमीहरू जान्दछौ। औ उहाँमा पाप छैन।

उहाँमा रहिरहने हरेकले पाप गर्दैन। पाप गर्ने हरेकले उहाँलाई देखेको हुँदैन, र उहाँलाई चिन्दैन।

हे मेरा साना बालक हो, कुनै मानिसले तिमी-हरूलाई बराल्न नपाओस्। जसले ठीक काम गर्छ त्यो धार्मिक हुन्छ, जस्तो उहाँ पनि धार्मिकनै हुनुहुन्छ।

जसले पाप गर्छ त्यो शैतानबाटको हो। किनकि शैतानले ता शुरूदेखिनै पाप गर्दैआएको छ। शैतानका कामहरू नष्ट गर्नलाईनै परमेश्वरका पुत्र प्रकट हुनु-भएको हो।

जो परमेश्वरबाट जन्मेको छ त्यसले पाप गर्दैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, औ त्यसले पाप गर्नैसक्तैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हुन्छ।

परमेश्वरका सन्तान र शैतानका सन्तान यसैबाट प्रष्ट हुन्छ, उचित काम नगर्ने र आफ्नो भाइलाई प्रेम नगर्ने हरेक परमेश्वरबाटको हुँदैन।

(१ यूहन्ना ३:४-१०)

मुद्रक: विजय प्रेस, अमर छतौनी; मोतिहारी, पूर्वी चम्पारण, बिहार.

Copyright ANGR

# मानव हृदय (मन)

## परमेश्वरको मन्दिर वा शैतानको कार्यशाला

(१ यूहन्ना ३:४-१०)

यो कुनै नयाँ किताब होइन । सर्वप्रथम यो दुई सय वर्ष पहिले फ्रान्स देशमा प्रकाशित भयो र हजारौंका हृदयमा यसद्वारा प्रशस्त आशिष मिल्यो । आफ्नो हृदयको अवस्था परमेश्वरले नै देखेझैं गरी देख्ने आत्मिक दर्पणको काम मानिसहरूलाई यस पुस्तिकाले दियो । यी पन्नाहरूमा धेरैले आफ्ना पापपूर्ण हृदयको चित्रण देखेर पश्चाताप गरीकन नयाँ हृदय र नयाँ आत्मा आफूमा प्राप्त गरे ।

जब तपाईं यो किताब पढ्नु हुन्छ, कृपया यसमा आफैलाई देख्न सकिने एउटा ऐना सम्झेर पढ्नुहोस्। चाहे तपाईं अन्य धर्मावलम्बी हुनुहोस्, चाहे खीष्टियन, चाहे अनविश्वासी हुनुहोस्, चाहे विश्वासमा पछि हटिसकेको हुनुहोस्, तर तपाईंले आफूलाई परमेश्वरले नै देखे जस्तै आफ्नो तस्वीर देख्न सक्नु हुनेछ। परमेश्वरले कसैलाई पक्षपात गर्नु हुन्न । उहाँले त मानिसको हृदय (मन) हेर्नु हुन्छ ।

Copyright ANCP

शैतान सारा झूटको पिता, अन्धकारको राजकुमार, र यस संसारको देव हो तापनि आफैलाई ज्योतिर्मय स्वर्गदूतको रूपमा परिवर्तन गर्छ । धेरैजसो मानिसले साँचिनै यसलाई ज्योतिको स्वर्गदूत सम्झन्छन् र शैतानलाई वास्तविक रूपमा चित्रण गरेको मन पराउँदैनन् । पुरानो समयमा झैं हिजो आज पनि सच्चा खीष्टको चेलाको भेष लिएर हिंडने झूटा प्रेरितहरू र खीष्टका धोखेबाज अनुयायीहरू प्रशस्तै छन् । यो कुनै अचम्भको कुरा होइन किनकि शैतानले आफैलाई ज्योतिर्मय स्वर्गदूतको रूपमा परिवर्तन गरेको छ। (२ कोरिन्थी ११:१३,१४) परमेश्वरको प्रेम, महिमा र उहाँको

श्रेष्ठतालाई र आफ्ना उद्धारकर्त्ता प्रभु येशू ख्रीष्टलाई मानिसहरूले देख्न र देख्ने इच्छा समेत गर्न नसकून् भनेर शैतान, यस संसारको देवले तिनीहरूका मन र आँखालाई अन्धा पारेको छ। (२ कोरिन्थी ४:४ ) सबै पापी र अविश्वासीहरू परमेश्वर प्रति अन्धा र मृतक छन्। तिनीहरूमाथि यस संसारको देवको आत्माको शासन छ (एफिसी २:२)। आफ्नो पतित अवस्था हेर्नलाई आँखा नउघ्रेसम्म तिनीहरू अनन्त विनाशको बाटोतिर दौडिनै रहन्छन्। "ममा पाप छैन" भन्नेले अफैलाई धोका दिंदछ।

जब तपाईं यो किताब पढ्नु हुन्छ र यसमा भएका चित्रहरू राम्ररी नियालेर हेर्नुहुन्छ तब तपाईं आफ्नै हृदयलाई देख्न सक्नु हुनेछ! तपाईं, परमेश्वरको खोजको प्रकाशले आफ्नै हृदयको अवस्था देखाउन दिनुहोस। आफ्नो पाप स्वीकार गर्नुहोस र ममा पाप छैन भनेर इन्कार नगर्नुहोस किनभने धर्मशास्त्र (परमेश्वरको वचन) मा यसरी लेखिएको छ "यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्यता हुँदैन। यदि हामीले आफ्ना पापको स्वीकार गर्‍यौं भने, हाम्रो पाप क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नलाई उहाँ विश्वासयोग्य र धर्मी हुनु हुन्छ" (१ यूहन्ना १:१-१०)। परमेश्वरको पुत्र येशू ख्रीष्टको रगतले हाम्रा सारा पापलाई शुद्ध पार्दछ।

तपाईंमा कि त शैतानको राज्य छ कि त परमेश्वरको। तपाईं या त पापको दास हुनुहुन्छ या त परमेश्वरको सेवक। यदि पापले नै तपाईंमा प्रभुत्व जमाएको छ भने यो कुरा इन्कार नगर्नुहोस। बरू परमेश्वरलाई पुकार्नु होस, जसले तपाईंलाई ख्रीष्ट येशू द्वारा स्वतंत्र पार्न तयार हुनुहुन्छ जो हामीमा भएका पाप र शैतानको शक्तिलाई तोडेर पापीहरूलाई बचाउनको लागि यस संसारमा आउनु भयो। उहाँनै हाम्रो उद्धार हुनुहुन्छ। तपाईं पवित्र परमेश्वरको उपस्थितिमा हुनुहुन्छ जसले तपाईंका जीवनका सबै रहस्यमय कुराहरू र



Copyright ANCR

Nepali HB 4 6/30/16 10:47:16 AM

गुप्ती विचारहरू देख्न र जान्न सक्नु हुन्छ। तपाईंले, आफैंलाई र आफ्ना कार्यहरू परमेश्वरबाट लुकाउन असम्भव छ किनकि "जसले कान दिनु भयो के उहाँ आफैले सुन्नु हुन्न र? जसले आँखा रच्नु भयो के उहाँ आफैं देख्नु हुन्न र?"

"जसका हृदय उहाँप्रति भक्त छन् तिनीहरूलाई सहायता र सान्त्वना दिन सारा पृथ्वी भरिनै परमप्रभुको दृष्टि रहिरहन्छ" (२ इतिहास १६:९)।

"उहाँको दृष्टि मानिसहरूको चालमाथि रहेको हुन्छ, र तिनीहरू हिंड़ेको हरेक कदमलाई उहाँले देख्नुहुन्छ। कुनै यस्तो घोर अँध्यारो छैन, जहाँ दुष्टहरू उहाँदेखि लुक्नसक्छन्। (अय्यूब ३४:२१,२२)

"तर येशू आफैले सबैलाई चिन्नु भएको हुनाले उहाँले तिनी-हरूलाई तिनीहरूको विश्वासमा छोड्नु भएन" (यूहन्ना २:२४)।

यसकारण "त्यो धन्यको हो जसको अपराध क्षमा भएको छ र जसको पाप ढाकिएको छ। त्यो मानिस धन्यको हो, जसको अधर्म-को लेखा परमेश्वर राख्नु हुन्न, र जसको आत्मामा छल छँदैछैन" (भजनसंग्रह ३२:१,२ ; भजनसंग्रह ५१ पनि पढ्नुहोस) येशूले आज, अहिले पनि बोलाई रहनु भएको छ, "हे सबै मेहनत गर्ने, र बोझले बेसरी लादिएका हो! मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८)।

Copyright ANGP

## चित्रहरूको व्याख्या

# पहिलो चित्र

यो चित्रले सांसारीक, नयाँ जीवन रहित नर व नारीको हृदय प्रकट गर्दछ, जसरी पापीको बयान बाइबल धर्मशास्त्रमा भएको छ; अर्थात त्यो व्यक्ति जसमाथि यो संसारको आत्माले शारीरिक अभि-लाषा र कामना द्वारा प्रभुत्व जमाएको छ। परमेश्वरले देख्नु हुने हृदयको सच्चा चित्र यही नै हो। लोलाएका राता राता आँखाले मतवालीपनको जाहेर गर्दछ, जसरी हितोपदेश २३:२९-३३ मा बयान भएको छ, "को माथि दुःख छ ? को माथि शोक छ ? को झगड़ामा फँस्दछ ? को कुलतमा पर्दछ ? कसलाई बिना कारणै घाउ लाग्दछ ? कसका आँखा राताराता हुन्छन् ? तिनीहरूका जो अबेलासम्म मद्य पिउँदछन्, जो मसला मिसाएको मद्यको खोजमा रहँदछन्। जब मद्य रातो रातो देखा पर्दछ, औ जब त्यसको रंग कचौरामा सुन्दर देखिन्छ, अनि जब त्यो यताउता टिलपिलाउँदछ तब तिमी त्यसलाई नहेर किनकि अन्तमा त्यसले साँपले झैं ठुङ्गदछ र विषालु साँपले झैं डस्छ। तिम्रा आँखाले नचिनेका कुरा हेर्दछन् अनि तिम्रो मनदेखि अनुचित कुरा निक्लन्छ।

यो चित्रमा शिरको मुन्तिर मानिसको हृदय देखाइएको छ जहाँ, कैयौं विभिन्न प्रकारका जीवजन्तुहरू बास गरेका छन्, जसले मानिसको हृदयमा रहने विभिन्न प्रकारका पापको संकेत गर्दछ किनकि हृदय नै हाम्रा पापको वासस्थान र बैठक हो। परमेश्वर हामीलाई यर्मिया भविष्यवक्ताद्वारा यसरी बोल्नु हुन्छ, "मान्छेको मन सबै थोक भन्दा बेसी धोका दिने हुँदछ, अनि त्यसमा असाध्यै रोग लागेको छ, त्यसलाई कसले जान्न सक्दछ ?" (यर्मिया १७:९)। येशू आफै यस कथनलाई यसरी पुष्टि दिएर भन्नु हुन्छ कि,

Copyright ANGP



Nepali HB 6 6/30/16 10:47:16 AM

भित्रबाट अर्थात मानिसको हृदयबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, रण्डीबाजी, लोभ, दुष्टपना, ठगी, लुच्याइँ, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता, यी सबै खराब कामहरू भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध पार्दछन्" (मर्कूस ७:२१-२३)।

१. **मयूर—**मयूर पक्षीको सुन्दरता सबैजनाले प्रशंसा गर्दछन्। तर यहाँ यसले हृदयमा घमण्ड, अहंकार आदिबाट हुने पाप संकेत गर्दछ। लुसीफर, परमेश्वरको अभिषिक्त करूब, ईश्वरकै ज्योति धारण गर्ने, एक बखत परमेश्वरको दूत थियो जो घमण्डको कारण पतित भएर स्वर्गबाट खस्यो र यसरी परमेश्वरको शत्रु, शैतान भयो" (यशैया १४:६-१७) (इजकिएल २८:१२-१७)।


घमण्ड नरककुण्डबाट पैदा भएर आफैलाई विभिन्न तरीकाले प्रकट गर्दछ। कोही मानिसहरू आफ्नो धन सम्पत्तिमा, कोही उच्च शिक्षामा घण्ड गर्दछन्; त कोही तिनीहरूका फेशनपूर्ण वस्त्रहरूमा घमण्ड गर्छन् जसमा लाजको सीमालाई नाघेर निर्लज्जासाथ आफ्नो शरीर नाङ्गै देखाउँछन्, कोही आफ्ना बज्ने गहनाहरू चुरा, औंठी आदिमा घमण्ड गर्दछन् जसरी यशैया ३:१७-२४ मा स्पष्टसंग वर्णन गरिएको छ। कोही आफ्ना पिता पुर्खा, राष्ट्रियता, संस्कृति, खेल तमाशा आदिमा घमण्ड गर्छन् र यो कुरा भुल्छन् कि "परमेश्वरले घमण्डीहरूलाई विरोध गर्नु हुन्छ तर नम्रहरूलाई अनुग्रह गर्नु हुन्छ" (१ पत्रुस ५:५) "नाशको अघि अहंकार (घमण्ड) र पतनको अघि अभिमान आउँछ" (हितोपदेश १६:१८)

२. **बोको—**कामातुरले मत्त भएको गन्हाउने जनावर, बोको कामोद्दीपना, शारीरिक वासना, अनैतिकता, व्यभिचार, परस्त्रीगमनको प्रतीक हो। यस्ता भावनाहरूले उत्पन्न हुने पापहरू यो आधुनिक युग-को अन्तिम दिनहरूमा यति साह्रै फैलिरहेका छन् कि "अन्त्यका दिन-हरूमा सदोम र गमोराका दिनहरू जस्तै हुनेछन्" भनेर ख्रीष्टले करीब २००० वर्ष पहिले भविष्यवाणी गरेको कुरा सत्य साबित हुनआएको



Copyright ANGP

छ। यो आधुनिक आत्माले खालि मानिस र स्वास्नी मानिसहरूलाई मात्र पकड़ेको होइन, धार्मिक मानिसहरूको घर, संस्थाहरू औ स्कूल र छात्रावास आदिमा समेत पसेको छ। यो विनाशको बीज निर्लज्जपूर्वक औ शैतानको बढी धूर्त्याइँ र चलाकीमा सिनेमा, नाच, विभिन्न अनैतिक कथा, उपन्यास आदि साहित्य र यस्तै कयौं उपायले मानिसको हृदयमा छरिएको छ। जुनकुराहरू परमेश्वरको दृष्टिमा पाप ठहरिएको छ, तिनै कुराहरूलाई मानिसहरूले आधुनिक



१. पापी मानिसको हृदय

नैतिकता नै सम्भिन्न थालेका छन्। लाखौं युवक, युवतीहरूले आफ्नो जीवनको आदर्श सिनेमा र उपन्यास आदिको आधारमा निर्माण गर्दछन् जसले तिनीहरूको जीवनलाई आपत्ती, लज्जा र पश्चातापमा पुर्‍याउँदछ। अनैतिक र छाडा जीवन बिताउने सिनेमा-का पात्र, खेलाड़ी र नायक नायिकाहरूनै यो तल्लो नवजवान पीढीका आदर्श वीर, वीराङ्गना हुँदछन्। परमेश्वरका पवित्र जन यूसुफ (उत्पत्ति ३९) आदि जस्तालाई अब्र कसैले पनि आदर्श वीरको रूपमा गणना गर्दैनन्। जुलु जाति जस्ता अन्यधर्मा र असभ्य समा-जमा पनि व्यभिचारीहरूलाई मृत्यु दण्ड दिइने चलन छ। यस्ता असभ्य जातिले पनि आजको हाम्रो सभ्य भनाउँदो समाजलाई कतिपय कुरा सिकाउन सक्छन् र न्यायको दिनमा हाम्रो विरुद्धमा खड़ा भएर दोषी ठहर्‍याउन सक्छन्। परमेश्वर हामीलाई भन्नु हुन्छ व्यभिचारसग नखेल तर व्यभिचारबाट अलग रह। "व्यभिचार देखि अलग रहो। अरू जुनसुकै पाप जो मानिसले गर्दछ त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्नेले आफ्नै शरीरको विरूद्ध-मा पाप गर्दछ। तिमीहरूको शरीर तिमीहरूमा भएको पवित्र आत्माको मन्दिर हो, जो परमेश्वरबाट तिमीहरूले पाएका छौ भन्ने के तिमीहरूलाई थाहा छैन? अौ तिमीहरू आफै ना आफ्नै होइनौ।" (१ कोरिन्थी ६:१८,१९)। "कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्दछ भने, परमेश्वरले त्यसलाई नष्ट गर्नु हुनेछ; किनभने परमेश्वरको मन्दिर पवित्र छ, जो तिमीहरू नै हौ" (१ कोरिन्थी ३:१७)।

२. **सुँगुर**—सुँगुरले मद्यपान र अगस्तिपनबाट हुने पापको जाहेर गर्दछ। सफा र फोहोरको वास्ता नराखी भेटाए जति सबै कुरा होसर्ने, सुँगुर एउटा फोहोरी जनावर हो। यसरी नै एउटा पापपूर्ण हृदयले पनि हरेक खराब सुझावहरू, फोहोरी विचार अौ बोली, अश्लील चित्र, साहित्य आदिलाई टिपी हाल्दछ। जीवित परमेश्वर-को मन्दिर भएको यस शरीरलाई अशुद्ध भोजन पान र खराब आदतहरू जस्तै बीड़ी सिगरेट आदि धूम्रपान गर्नु, पान, सुर्ती



Copyright AINGP

चबाउनु, अफीम जस्ता हानिकारक पदार्थका उपभोगले अपवित्र तुल्याएको छ। अहिले मानिसहरूलाई धूम्रपान र अफीमको आदतले यति साह्रो पक्रिएको छ कि पहिले कहिल्यै पनि यस्तो थिएन। यस्ता धूम्रपानको शिकार र शैतानका दासहरूलाई केवल परमेश्वरको शक्तिले मात्र स्वतन्त्र तुल्याउन सक्नु हुन्छ। ज्यादा धार्मिक सोच विचार भएका मानिसहरू गिर्जा-घरमा धूम्रपान गर्ने साहस गर्दैनन्, यो विचार गरेर कि यसो गर्नु परमेश्वरको पवित्रता-को उल्लंघन गर्नु हो, तरैपनि तिनीहरू यो गन्धपूर्ण टुटाले आफ्नो शरीर अशुद्ध पार्नमा संकोच मान्दैनन्; जो परमेश्वरकै खास सत्य मन्दिर हो। पावल प्रेरित भन्छन्, "के तिमीलाई थाहा छैन कि तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो, औ कसैले यसलाई अशुद्ध पार्छ भने त्यसलाई परमेश्वरले नष्ट पार्नु हुनेछ"? (१ कोरिन्थी ३:१६,१७; ६:१८,१९)।

ज्यादा खञ्चुवा व्यक्ति पनि परमेश्वरको दृष्टिमा घृणित हुन्छ। हामीहरू जिउनको लागि खान्छौं, खानको लागि जिउँदैनौं। भोक राम्ररो भोजन गर्नाले तृप्त हुँदछ तर शारीरिक अभिलाषा भने "देऊ, देऊ" भनेर कराइ रहँदछ।

शारीरिक आभिलाषा, तृष्णाहरू कहिल्यै पनि तृप्त हुँदैनन्, कहिल्यै संतुष्ट हुँदैनन्। पुरानो नियमको व्यवस्था अनुसार अगस्ति र मतवालालाई ढुङ्गाले हानेर मारियोस (व्यवस्था २१:१८-२१) भनिएको छ। "मद्य भोगी र घिचुवाहरू दरिद्र हुँदछन्, अनि निद्राले थाङ्ना पहिऱ्याउँदछ। उडन्ताको संगतिले आफ्नो बाबुको अनुहार लज्जित तुल्याउँदछ"। (हितोपदेश २३:२१;२८:७) त्यो धनवान मानिसलाई सँझनुहोस, जो ज्यादै खञ्चुवा र आफ्ना शारीरिक अभिलाषाको दास थियो र पछि मऱ्यो; औ जब उसले नरकबाट आँखा उठायो त उ अवर्णनीय पीडामा थियो। मादक पदार्थबाट हुने खराबीको बारेमा शायद बयान गरिरहनु आवश्यक



Copyright ANGP

Nepali HB 10 6/30/16 10:47:17 AM

पर्दैन । यो कुरा यति राम्ररी जानिएको छ कि यसलाई खेलाँचीको रूपमा लिनै सकिंदैन। परमेश्वर आफ्नो वचनमा स्पष्ट रूपले बताउनु हुन्छ कि कोही मतवाला स्वर्गीय राज्यको हकवाला हुन सक्दैन। जो मद्य बनाउने र बेच्ने काम गर्छन् तिनीहरू पनि परमेश्वरको सामुमा उत्तिकै दोषी ठहरिन्छ किनकि परमेश्वर भन्नु हुन्छ, "त्यसमाथि सराप ! जो मद्य पिउनमा वीर र मदिराको तेज बढाउन बहादुर छ" (यशैया ५:२२)। "त्यसमाथि सराप ! जसले आफ्नो छिमेकी-लाई मद्य पियाउँछ अनि त्यसमा विष मिसाएर तिनीहरूलाई विचेत गराएर तिनको नाङ्गोपना हेर्दछ" (हबकूक २:१५)। "तिनीहरूका भोजमा वीणा, सारङ्गी, मृदङ्ग, बाँसुरी र मद्य पाइँछ तर तिनीहरू-ले परमेश्वरको काम देख्दैनन् र उहाँका हातले गरेको काममा ध्यानै दिंदैनन्" (यशैया ५:१२)। "अधर्मीहरू परमेश्वरको राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन ? न ठगियौ, व्यभिचारीहरू, मूर्त्तिपूजकहरू, जारीगर्नेहरू, लुच्चाहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, लुटाहाहरू, गालीगर्नेहरू, परमेश्वरको राज्यको हकदार हुनेछैन" (१ कोरिन्थी ६:९,१०)।

हाम्रा सांसारीक स्वभावका पापहरू प्रत्यक्ष छन्। तिनीहरू-मध्ये केही यिनै हुन्: व्यभिचार अपवित्रता, लुच्याइँ मूर्त्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, इर्ष्या, क्रोध, विरोध, फूट, कुमार्ग, डाहा, मतवालीपन, भोजको मोज मजा र यस्तै अरूहरू। तिनीहरू जो यी कुराहरूका दोषी छन् कुनै रीतिले पनि परमेश्वरको राज्यको हकवाला हुन सक्दैनन् (गलाती ५:१९-२१)। "दाख-मद्यले न मात्तियो, जसमा कामोद्दीपन हुन्छ, तर आत्माले भरिपूर्ण भएका होओ" (एफिसी ५:१८)।

तिर्खाउनेहरूलाई येशू यसरी निम्तो दिनु हुन्छ, "कोही तिर्खाउँछ भने, त्यो मकहाँ आओस र जीवनको पानी सित्तैमा पिओस" (यूहन्ना ७:३७,३८)। "हे सबै तिर्खाउनेहरू हो पानीनेर आऊ रुपियाँ नहुनेहरू पनि आऊ, आएर दाख मद्य र दूध बिना रुपियाँ



Copyright ANGP

र दामै नदिई किनो लेऊ" (यशैया ५५:१)। "जसले त्यो पानी पिउला, जो म त्यसलाई दिनेछु, त्यो कहिलै तिर्खाउने छैन तर जुन पानी म त्यसलाई दिनेछु, त्यो पानी त्यसमा, अनन्त जीवनसम्म उम्रिरहने पानीको मूल बनिनेछ" (यूहन्ना ४:१४)।

४. **कछुवा**—कछुवाले अल्छीपन, आलटालेपन, वा अल्याङ टल्याङ र तान्त्रिक विद्या, टुनामुना गरेबाट हुने पापको संकेत गर्दछ। अविश्वास तान्त्रिक विद्या कै पाप बराबर हो। अल्छो आफ्नो लालसामा मर्दछ, किनकि उसका हात परिश्रम गर्न मान्दैनन्। त्यस्तो मानिस छ जसले दिनभरी लालसा मात्र गरिरहँदछ" (हितोपदेश २१:२५,२६) यहोशूले इश्राएलका सन्तानहरूलाई भन्नु परेको थियो, "यो देश आफ्नो अधीनमा पार्न अल्छी नगर"। मानिसको स्वभाव परमेश्वरका कुराहरू प्राप्त गर्न अल्छी र सुस्ती छ। येशूले भन्नु भयो "साँघुरो ढोकाबाट पस्नालाई प्रयत्न गर" (लूका १३:२४)। "खोज त पाउने छौ"। 'स्वर्गको राज्यमा बलजफत हुँदैछ, र बलजफत गर्ने मानिसहरूले जबरदस्तसंग खोस्तछन्" (मत्ती ११:१२)।

यदि हामीहरू उद्धार र आत्मिक वरदानको सम्बन्धमा आलस्य हुन्छौं भने नाशमा पुग्दछौं। आलस्यपनले प्रार्थना गर्नमा परमेश्वरका रहस्यमय कुराहरू खोज्नमा र परमेश्वरका सबभन्दा आशिषपूर्ण प्रतिज्ञाहरू लिनमा हामीलाई रोक्दछ र सर्वनाशको बाटोतिर प्रगति गराउँछ। तपाईंको हृदय आजै परमेश्वरलाई समर्पण गर्न परमेश्वर तपाईंसंग बोलेर तपाईंलाई उत्तेजित पार्नु हुँदा शैतानले तपाईंको मन-मा यो काम भोलि कि अरू कुनै सुविधाजनक दिनमा गरौंला भन्ने विचार ल्याउँछ, जुन दिन अफसोच! फेरि कहिल्यै पनि आउँदैन र तपाईं उद्धार र ख्रीष्टबिनानै मर्नु हुनेछ। परमेश्वर भन्नु हुन्छ, "यदि तिमीहरूले आज उहाँका शब्द सुन्यो भनेदेखि तिमीहरूका हृदय कठोर नपार" (हिब्रू ३:८) कतिपय मानिसहरू उद्धारको लागि



Copyright ANCP

Nepali HB 12 6/30/16 10:47:18 AM

अझै सुविधाजनक मौका खोजेर बस्दा बस्दा त्यो दिन नआइकनै नाश भएका छन् ।

टुना गर्ने र जादुगिरीहरू कछुवाको बाहिरी खवटा अक्सर तान्त्रिक विद्याको काममा चलाउँछन् । यहाँ यसको मतलब जिउँदो परमेश्वरमा विश्वास राख्नुको बदला जादू; टुना गर्ने, हात जोखाना हेर्ने आदि तान्त्रिक कुरामा विश्वास राख्नाले र गर्नाले हुने पापको संकेत हुँदछ । परमेश्वरको वचनले हामीलाई सिकाउँछ, विशेष गरेर संकष्ट, परीक्षा, रोग, दुख, विलापको समयमा भाग्य र दुर्भाग्यमा भर पर्नको सट्टा जिउँदो परमेश्वरलाई पुकार्नु पर्दछ जो हाम्रो सहायता गर्न सधैं तत्पर हुनुहुन्छ । किनकि "सज्जनका पाइला परमेश्वरबाट नै स्थिर रहन्छ" (भजनसंग्रह ३७:२३) । "किनकि उच्च पद नता पूर्वबाट, न पश्चिमबाट नता दक्षिणबाटनै आउँछ, तर परमेश्वरनै न्यायाधीश हुनुहुन्छ" (भजनसंग्रह ७५:६,७) । परमेश्वरले इस्राएलीहरूलाई यसो भन्दै आज्ञा दिनु भयो कि, "तिमीहरूमध्ये कोही यस्तो न होस् जो आफ्नो छोरा कि छोरीलाई आगोमा होम दिएर कि भविष्यवार्ता बोल्ने, शुभाशुभ मुहूर्त मान्ने, मन्तरतन्तर गर्ने, बोक्सी कि इन्द्रजाल गर्ने, बिजुवा कि झाँक्री कि मसान जगाउने काही यस्तो मान्छे नपाइयोस् । किनभने जतिले यस्ता यस्ता काम गर्दछन् ती सबै परमेश्वरलाई घिनलाग्दा लाग्दछ" (व्यवस्था १८:१०,१२) । "बाहिर पट्टी त कुकुरहरू, जादुगिरीहरू, र व्यभिचारीहरू, झूटा बोल्नेहरू र झूट निको मान्नेहरू रहेका हुन्छन्" (प्रकाश २२:१५) । तिमी आत्मातिर, भाग्य बताउनेहरूतिर, वा तिनको खोजी गर्नेहरूतिर तिनीहरूसंगसंगै पापगरेर तिनीहरूद्वारा अशुद्ध पारिनलाई तिनीहरूतर्फ नफर्क । "म परमप्रभु तिमीहरूका परमेश्वर हूँ, (लेवी १९:३१) । "जब तिनीहरूले तिमीहरूलाई कुर्लो कुर्लो फलाक्ने र बक्ने जादूगिरीहरू र झाँक्रीहरूसित सोध भनी भन्छन् त के मानिसहरूले आफ्नै ईश्वरकहाँ गै सोध्नु पर्दैन र ? के जिउँदाको विषयमा मुर्दाहरूसित सोध्नु उचित



Copyright ANGP

छ? शिक्षा र चेताउनी भएका ठाउँमा जाऊ। यदि तनीहरू यिनै कुरा अनुसार बोल्दैनन् भनेता निश्चय तिनीहरूको लागि बिहान हुने छैन" (यशैया ८:१६,२०)।

यो सानो पुस्तिका पढदै गर्दा परमेश्वर तपाईंसंग बोलिरहनु हुन्छ र भन्नु हुन्छ कि तपाईं आफ्ना पापदेखि पश्चाताप गरेर आफ्नो जीवन उहाँमा समर्पण गर्नुहोस। तर तपाईंको हृदयमा बास गर्ने कछुवाको आत्माले तपाईंमा सब प्रकारका सुझावहरू ल्याएर तपाईंले परमेश्वर प्रति लिनु भएको निर्णयलाई स्थगित गर्छ र तपाईंको हृदय डरले भरिदिन्छ। "म सच्चा ख्रीष्टियन भएको खण्डमा मेरा साथीले, आफन्तले र मानिसहरू मलाई के भन्लान्"? "यदि मैले नाच, रङ्गी, भोज सांसारीक मनोरञ्जन इत्यादि कुराहरू-मा फेरि फेरि भाग नलिंदा के होला"? ख्रीष्ट येशूमा देखिने अपार धन, उहाँको अनौठो शान्ति, अवर्णनीय आनन्द, महिमा, अमर र अनन्त जीवन र सुख देख्नुको बदला तपाईं ती सब कुराहरू देख्न थाल्नु हुन्छ जुन कुराहरू ख्रीष्टलाई हृदयमा आउन दिंदा त्याग्नु पर्ने हुन्। तर ख्रीष्ट येशू आजीवन मृत्युको डरमा दासत्व भएका-हरूलाई छुटकारा दिन आउनु भयो। (हिब्रू २:१४,१५) कछुवाको झैं तपाईंमा भएको आलटाल गर्ने भावनाले तपाईंको हृदयं कछुवाकै बाहिरी खवटा जस्तो कडा नहोउञ्जेल साह्रो हुँदै जानेछ।

५. **चितुवा**—चितुवा एउटा डरलाग्दो र निर्दयी जनावर हो। अक्सर मानिसको हृदयमा घृणा, क्रोध र हिंसात्मक स्वभावले अड्डा जमाएको हुन्छ र बारम्बार यसले हिंसाको भावना उत्पन्न गराउँछ। तपाईंले आफ्नो यो हिंसात्मक स्वभावलाई त्यस समय-सम्म वशमा राख्ने कोशिश वा प्रबन्ध गर्न सक्नु हुन्छ जबसम्म यो छताछुल्ल भएर फुटेर बाहिर प्रकाशमा आउँदैन। तपाईंले क्रोध आफ्नो हृदयमा छ भन्ने कुरा स्वीकार गरेर, यसबाट छुटकारा पाउन येशूसंग बिन्ती गर्नु राम्रो हुन्छ "अब नसुर्ताओ अनि आफै माथि



Copyright ANCP

नरिसाओ" (उत्पत्ति ४५:५)। "रिसाउन छोड़ र क्रोधलाई त्याग यसले खराबी गर्न तर्फ ढल्काउँछ" (भजन सग्रह ३७:८)। "रीस निर्दयी छ अनि क्रोध पाखा पाखा वहने भल जस्तो, तर बल्दो रीसका सामु को ठहर्न सक्छ"? (हितोपदेश २७:४)। "आफ्नो मनमा क्रोधित नहोऊ किनकि क्रोध त मूर्खको हृदयमा रहन्छ, यसकारण आफ्नो मनदेखि क्रोध हटाऊ" तिम्रा सब रीस क्रोधलाई त्याग (कलस्सी ३:८)।

धेरैजसो मानिसहरू मादक पदार्थ पिएर या कसैसंग बदला लिएर आफ्नो क्रोध शान्त पार्ने प्रयत्न गर्दछन्, तर "तिनीहरूका मद्य अजींगरको विष र काला सर्पका विष हुन्" (व्यवस्था ३२:३३)। पापपूर्ण हृदयले बदला फेर्ने काम खूब मन पराउँछ तर हाम्रो बदला फेर्ने त परमेश्वरनै हुनुहुन्छ। येशूले भन्नु भयो "तिमीले आफ्ना छिमेकीहरूलाई आफैलाई झैं प्रेम गर" र "तिम्रा शत्रुहरूलाई पनि प्रेम गर"। हाम्रो विरूद्धमा अपराध गर्नेहरूलाई यदि हामी क्षमा गर्छौं भने हाम्रा अपराध क्षमा गर्न परमेश्वरले प्रतिज्ञा गर्नु भएको छ। छुल्याहा र मनमनै गनगनाउने आत्मा पनि परमेश्वरको दृष्टिमा उतिकै घृणित छ। युद्ध र हत्या गर्ने खराब भावनाको वासस्थान हृदय नै हो। यसकारण यदि मानिसले धेरै समयसम्म नगर्ने हो भने सच्चा शान्ति पनि हृदयमा स्थापित गर्न अति आवश्यक छ।

६. **साँप**—अदनको बगैंचामा हवालाई साँपले छल गरेर परमेश्वरसंगको सबभन्दा मीठो संगति र मेलमिलापलाई नष्ट भ्रष्ट पार्‍यो। 'पतित भएको स्वर्गदूत शैतान' आदम र हवालाई लुसीफरको ठाउँमा परमेश्वरको पूर्ण संगतिमा बसेको र संसारको अधिपति भएको देख्दा ईर्ष्याले मुर्छा परेको थियो। यही ईर्ष्याले मुर्छा परेर शैतानले तिनीहरूलाई नाश पार्ने युक्ति सोच्यो र साँचै तिनीहरूको अचम्मको मेलमिलाप, परमेश्वरसंगको संगति र जीवन-



Copyright ANGP

लाई खलबल्याई छाडयो। यही शैतानिक ईर्ष्या र द्वेषले गर्दा मानव जातिमा कतिपय व्यक्तिको हृदयको सुखलाई नाश पारिदिन्छ जब कि तिनीहरू अरूलाई सुख र आरामसाथ बसेको देख्छन्। "ईर्ष्या चिहान जस्तै निर्दयी (निष्ठुर) हुन्छ" (श्रेष्ठगीत ८:६)। यसले मानिसको हृदयमा अरूको सुख र आनन्दलाई खलबल्याउने दुष्ट बिचारहरू उत्पन्न गराउँछ हत्यासम्म गर्ने भावना जगाउँछ। कसै कसैको विवाहित जीवनमा विशेष गरेर यस्तो पाइन्छ। जीवनका अन्य क्षेत्रहरूमा पनि ईर्ष्याले अवर्णनीय दुःख र घृणा उत्पन्न गरेको हुन्छ। यतिसम्म कि ख्रीष्टियन कार्यकर्ता, प्रचारक र धार्मिक सेवकगण पनि यसको हमलाबाट उम्केका हुँदैनन्। तिनीहरू नित्य होशियार भएर रहनु पर्दछ र हाम्रो हृदयमा पवित्र आत्माद्वारा बहाइएको परमेश्वरको शुद्ध प्रेमले भरिन पर्दछ, नत्रभने तिनीहरूको परमेश्वर प्रतिका सबै उपयोगिता र कार्यहरू शैतानिक आत्माले नष्ट परिएको हुनेछन् र परमेश्वरले तिनीहरूलाई भन्दा अझै उहाँका अरू सेवकहरूलाई आफ्नो कामका लागि चलाउन बाध्य हुनुपर्ने छ।

७. **भ्यागुतो**—यसले माटो खाँदछ र यहाँ लालचपन र रूपियाँ पैसाको लोभ गरेबाट हुने पापको संकेत गर्दछ, जो सब किसिमको खराबीको जरा हो (१ तिमोथी ६:१०)। कङ्गो देशमा यस्ता भ्यागुताहरू पनि देखिएका छन् जो भुँडी फुटेर नमरून्जेल सयकडौं कमिलाहरू खाइरहन्छन्। कुनै लोभी मानिसले पनि गरीब र दरिद्रमाथि दया देखाएर मद्दत गर्ने इच्छासम्म नराखीकन, हर प्रयत्नबाट इमानी, बेइमानी जे भएर पनि यस संसारको धन सोहोर्ने र थुपार्ने पट्टि लाग्दछ, जो कीरा र खियाले नष्ट पार्ने हुन्छ। ख्रीष्ट आफैले भन्नु भयो, "आफ्नो निम्ति पृथ्वीमा धन सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले नष्ट पार्छन् र जहाँ चोरले फोरेर चोर्छन्; तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार जहाँ नता कीराले न



Copyright ANGP

खियाले नष्ट पार्छन्, नता चोरले फोर्छन् न चोर्छन्, कारण जहाँ तिम्रो धन-सम्पत्ति हुन्छ त्यहीं तिम्रो मन पनि हुनेछ"। आकान र उसका सारा परिवार सुन, चाँदी, मूल्यवान पत्थर र लुगाफाटाहरूमा ज्यादा प्रेम राखेका हुनाले नाश भए (यहोशू ७)। ख्रीष्ट येशूको चेलो, यहुदा इस्करयोती आफै झुण्डिएर मर्‍यो किनकि रूपियाँ पैसाको प्रेमले नै उसलाई आफ्नो प्रभु र मालिकलाई पकड़ाइदिने धोखेबाज बनाएको थियो। यो दोष रूपियाँ पैसाको होइन नत सुनको नै हो तर यिनीहरू प्रतिको प्रेमको हो जो मानिसको हृदयमा लुकेर रहँदछ।

सबै वर्ग, जाति र वर्णका हजारौं नरनारीहरूको जीवनमा र तिनका घरानाका जीवनमा चाहे तिनीहरू जुवा खेलेर होस, चाहे घोड़ा दौड़, कुकुर दौड़ आदिमा बाजी जितेर होस्, प्रशस्त धन बटुलेर अचानक उत्तीखेरै धनी बन्न सकौं भन्ने तिनीहरूमा यो उत्कट, प्रबल, खराब इच्छाले वास गरेको हुन्छ। धेरै परिश्रम नगरीकनै धनी बन्ने इच्छाले मानिसलाई नरहत्या, डकैती गर्नुको साथ-साथै आत्महत्यासम्म गर्न लगाउँछ। रुपियाँ पैसाको लोभ, प्रेम र अधिकार वा शक्तिको प्रेम आदि चाहे यो अरूमाथि शासन गर्ने राजनैतिक शक्ति होस्, चाहे गरीबलाई थिचो-मिचो पार्ने खालको आर्थिक शक्ति होस्, चाहे धार्मिक शक्ति-अधिकार होस, जो परमेश्वरको लागि भन्दा आफ्नो मण्डलीको संगठनको नामको लागि ज्यादा उत्साह लिएर काम गर्छन् र आफ्नो मण्डलीको सदस्य नभै-कनै ख्रीष्टको पछि लाग्ने कुनै भक्तलाई घृणा देखाउँछ (मर्कूस ९:३८)। येशूले भन्नु भयो "होशियार रहो, आफूलाई सबै किसिमका लालचबाट जोगाओ, किनकि मानिससंग भएको प्रशस्त चीजहरूले मानिसको जीवन रहँदैन" (लूका १२:१५)। एउटा धनी मूर्ख मानिसको कहानी यस प्रकारको छ। "कुनै एउटा धनी मानिसको जमीनले प्रशस्त उब्जनी दिन्थ्यो; औ त्यसले यसो भनेर मनमनै गुन्न लाग्यो, 'मसित मेरो अन्न राख्ने ठाउँ छैन; अब म के गरूँ ?'



Copyright ANGP

Nepali HB 17 6/30/16 10:47:19 AM

तब त्यसले भन्यो, 'म यही गर्ने छु, म आफ्ना भकारीहरू भत्काएर झन् ठूला-ठूला बनाउने छु, औ मेरा सबै अनाज र सम्पत्तिहरू त्यहीं राख्ने छु, औ म आफ्नो प्राणलाई भन्ने छु, ए प्राण, धेरै वर्षसम्म पुग्ने धेरै सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। आरामसाथ बस, खा, पी, र आनन्द गर।' तर परमेश्वरले त्यसलाई भन्नु भयो, 'ए मूर्ख यही रात तँबाट तेरो प्राण फिर्ता चाहिएको छ, र जे कुराहरू तैंले तयार गरेकोछस् ती कसको होला त?' तर परमेश्वरतर्फ धनी नभइकन आफ्नो निम्ति मात्र धन जमा गर्ने यस्तै हुन्छ" (लूका १२:१६-२१)। "किनभने मानिसले सारा जगत हात पारेर आफ्नो प्राण चाहिं गुमायो भने त्यसलाई के फायदा हुन्छ?" (मर्कूस ८:३६) "यसकारण म तिमीहरूलाई भन्दछु, आफ्नो प्राणको लागि के खाऔंला र आफ्नो शरीरको लागि के लगाऔंला भनी फिक्री नगर। किनकि जहाँ तिम्रो धन छ त्यहीं तिम्रो मनपनि रहने छ।" (लूका १२:२२,३४)। तर "पहिले उहाँको राज्यको खोजी गर र यी सबै कुराहरू तिमीहरूको लागि थपिनेछन्"।

८. **शैतान**—जो सब झूटको पिता हो र भिन्न-भिन्न प्रकारका पाप गर्न उस्काएर पाप गर्न लगाउँछ र मानिसको हृदयमा शासन गर्दछ। येशूले भन्नुभयो "तिमीहरू ता आफ्ना पिता, शैतानका तर्फबाटका हौ औ आफ्नै पिताका अभिलाषा गर्ने इच्छा गर्छौ। त्यो ता शुरूदेखि नै हत्यारा थियो, र सत्यमा ठहरेन, किनभने त्यसमा सत्य छँदैछैन। जब त्यसले झूट बोल्दछ, त त्यो आफ्नै तर्फबाट बोल्दछ; किनभने त्यो झूट, र झूटको पिता हो।" (यूहन्ना ८:४४)। झूट चाहे ठूलो होस वा सानो, झूट-झूट नै हो मानिसको जीवनमा कयौं यस्ता झूट हुन्छन् जो बोलिन्छन्, लेखिन्छन् र गरिन्छन्। कपटी एउटा यस्तो झूटो मानिस हो जसले आफुले गरेको झूटो कृत्यलाई वास्तवमा गर्दै नगरे जस्तो बहाना गर्दछ। परमेश्वर झूट बोल्न सक्नुहुन्न वा गर्नुहुन्न न त ख्रीष्टियनले नै गर्दछ (तीतस १:२)। "यदि उहाँसंग हाम्रो संगति



Copyright ANGP

Nepali HB 18 6/30/16 10:47:19 AM

छ भनी हामी भन्छौं र अन्धकारमा नै हिंड्छौं भनेता हामी डाटछौं र सत्यमा चल्दैनौं (१ यूहन्ना १:६)।" "बाहिर पट्टि त कुकुरहरू, जादूगिरीहरू र व्यभिचारीहरू, झूट बोल्नेहरू र झूट निको मान्नेहरू रहेका हुन्छन्" (प्रकाश २२:१५)।

९. **तारा—**ले प्रत्येक मानिसको हृदयमा विवेकको संकेत गर्दछ। यहाँ यो कालो, अपवित्र र दुष्ट छ, शायद निरन्तर मनपरी पाप गरेकोले मरिसकेको हुन सक्दछ। अब यो अन्धो र विचलित अवस्थामा छ जसले गर्दा आफैले गरेको कामको पनि ठीक-बेठीक छुट्याउन न सक्ने भएको छ। यो दुष्ट विवेक कहिले-कहीं शान्त र कहिले-कहीं दुखित हुँदछ। यसले क्षमा दिनु पर्ने ठाउँमा दण्ड र दण्डदिनु पर्ने ठाउँमा क्षमा गर्छ। शायद यो विवेक तातो फलामले डामिएको जस्तो हुन् सक्छ र आफ्नो विश्वासबाट हटिसकेकोले आफ्ना सबै विवेक चेतना र भावना हराएका छन् किनकि यसले बहकाउने आत्मा र शैतानका सिद्धान्तलाई ध्यान दिएर कपटसाथ झूट बोलेको छ।

Copyright ANGP

१०. **आँखा—**परमेश्वरको आँखाले हृदयमा पस्ने हरेक कुरा-लाई देख्नु हुन्छ। उहाँको तेजपूर्ण आँखाबाट केही कुरा पनि छिपाउन सकिदैन र यसकारण उहाँ हृदयका सब गुप्ती विचार र मनोभावनाहरू जान्नु र देख्नु हुँदैछ। (यी चित्रमा आँखा मानिसको अनुहारको आकृतिसंग पनि मेल खाँदछ।)

११. **आगाका साना जिब्राहरू—**हृदयको वरिपरि रहेका आगाका यी साना जिब्राहरूले पापपूर्ण हृदयलाई परमेश्वरको प्रेमले घेरिरहेको संकेत गर्दछन्। परमेश्वरले पापलाई घृणा गर्नु भए पनि पापीलाई प्रेम गर्नुहुन्छ र उ नाश भएको होइन तर पश्चातापी भएर बाँचोस भन्ने उहाँ इच्छा गर्नु हुन्छ। ख्रीष्ट येशू पापीहरूलाई बचाउन आउनु भयो। स्वर्गमा एकजना पापीले मात्र पश्चाताप गरेर मन फिराएको खण्डमा ठूलो आनन्दको हलचल हुन्छ। यी साना जिब्राहरूले ख्रीष्ट



Nepali HB 19 6/30/16 10:47:19 AM

येशूको रगतको पनि संकेत गर्दछन् "जो संसारको पाप उठाई लैजाने परमेश्वरको थुमा हुनुहुन्छ ।"

१२. **स्वर्गदूत**—ले परमेश्वरको वचन प्रस्तुत गर्दछ। परमेश्वर छल, कपट र पापले लादिएका नरनारीहरूको हृदयमा बोल्न चाहनु हुन्छ। मानिसहरूले पश्चाताप गरेर उहाँको ज्योति र प्रेम आफ्ना हृदयमा पस्न देऊन् भन्ने उहाँको ठूलो इच्छा छ।

१३. **ढुकुर**—पवित्र आत्मा र सत्यको आत्माको चिन्ह हो जसले पापको दोष बताएर दोषी ठह्-याई धार्मिकता र न्यायलाई छुटाउँदछ। यहाँ पवित्र आत्मा मानव हृदयको बाहिर रहेको छ। पापले शासन गरेको ठाउँमा यो रहनै सक्दैन।

यदि यो चित्रमा दर्शाए अनुसारको वर्णन, तपाईंको हृदयको अवस्थासंग मिल्दछ भने तपाईंले प्रभुलाई पुकार्नु होस। आफ्नो हृदय उहाँको लागि खोलेर उहाँको वचनको ज्योति तपाईंको हृदयमा चम्कन दिनुहोस। "प्रभु येशू खीष्ट माथि विश्वास गर्नुहोस त तपाईं बचाइनु हुनेछ।" परमेश्वर तयार हुनुहुन्छ, अँ, उहाँले तपाईंको हृदय परिवर्तन गर्ने प्रतिज्ञा गर्नु भएको छ र तपाईंलाई उहाँले नयाँ आत्माले भरिएको नयाँ हृदय दिनु हुनेछ। यो कुरा दोस्रो चित्रमा दृष्टान्त गरिएको छ।


## दोस्रो चित्र

यो चित्रले परमेश्वरलाई खोज्न शुरू गरेको एक पश्चातापी हृदयको संकेत गर्दछ। यहाँ स्वर्गदूतले एउटा तरवार समातिरहेको छ, जो परमेश्वरको वचन हो। "किनकि परमेश्वरको वचन जीवित र प्रबल, र कुनै दुइ-धारे तरवारभन्दा पनि धारिलो औ प्राण र आत्मालाई, जोर्नी जोर्नी र हड्डीका मासीलाई भाग भाग पारुञ्जेलसम्म वारपार छेंड्ने, र हृदयको भावना र विचारलाई



Copyright ANGP

जाँच्न सक्ने हुन्छ" (हिब्रू ४:१२) । परमेश्वरको वचनले उसलाई यो याद दिलाउँछ कि "पापको ज्याला मृत्यु हो" औ "मानिसले एक पटक मर्नै पर्छ औ त्यसपछि न्यायको लागि खड़ा हुनु पर्दछ (हिब्रू ९:२७) । पापी र अविश्वासीको भाग चाहिं आगो र गन्धकले भरिएको कुण्डमा हुनेछ ।




२. दोषी औ पश्चातापीको हृदय

स्वर्गदूतको अर्को हातमा एउटा खप्पर छ । यसले पापीहरूलाई एकपटक सबैले मर्नै पर्छ भन्ने याद दिलाउँछ । हाम्रो यो शरीर जसलाई हामी यति प्रेम गर्छौं, लुगा लगाउँछौं, खुवाउँछौं, पियाउँछौं, सिंगार पटार आदि सब प्रकारको रेखदेख गरेर ध्यान दिन्छौं जसले शारीरिक वासना औ अभिलाषाको पूर्ति हुँदछ तर एक दिन यो मरेर सड्छ; जब कि हाम्रो आत्मा औ जीवात्मा सधैंको निम्ति जिइरहन्छ र एक दिन जसले परमेश्वरको न्याय आशनको सामने खड़ा हुनु पर्दछ ।

यहाँ हामी देख्छौं कि पापीले परमेश्वरको वचनमा ध्यान दिन शुरू गरेर परमेश्वरको प्रेम प्रति आफ्नो हृदय खोलेको छ। पवित्र आत्मा उसको अँध्यारो र पापी हृदयमा चम्कन शुरू गर्नु भएको छ। परमेश्वरको उज्यालो उसको मन्दिरमा पसेर सब अन्धकार निकाल्दछ। जब परमेश्वरको उज्यालो भित्र आउँछ तब अन्धकार बाहिर निक्लँदछ। विभिन्न जनावरहरू द्वारा संकेत गरिएका पाप निस्केर भाग्दछन्। यसकारण, प्रिय पाठक, येशू, जगतको ज्योतिलाई आफ्नो हृदयमा पस्न दिनु होस र चित्रमा दर्शाए झैं अन्धकार र अन्धकारका कार्यहरूले तपाईंको हृदयबाट छोडनेछन्। येशूले भन्नु भयो "म संसारको ज्योति हुँ, मपछि लाग्ने अँध्यारोमा हिंड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउने छ" (यूहन्ना ८:१२) तपाईं आफ्नै प्रयत्नमा, आफ्नै बुद्धिले अथवा मानिसको बुद्धिले आफ्नो हृदयको अन्धकार निकाल्न कहिल्यै सफल हुन सक्नु हुन्न । सबभन्दा सरल, निश्चित, छिटो औ प्रभावशाली र एउटै मात्र तरीका यही हो कि तपाईं येशू, ज्योतिलाई भित्र आउन दिनुहोस र अन्धकार, जो पाप हो, निकालिन्छ। चन्द्रमा, औ ताराहरूले हामीलाई अन्धकार रातमा केही सहायता दिन सक्छन् तर जब सूर्य उदाएको हुन्छ, तब अन्धकार र सानातिना प्रकाशहरू हराउँछन्। येशू धार्मिकताका सूर्य हुनुहुन्छ। जब उहाँ यरूसलेमको



Copyright ANGP

मन्दिरमा पस्नुभयो तब उहाँले सबै गोरू, भेड़ा, परेवा बेच्नेहरूलाई बाहिर निकाल्नु भयो र पैसा साट्नेहरूको टेबल घोप्ट्याएर भन्नु भयो, "यो लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर कहलाइनेछ; तर तिमीहरूले चाहिं यसलाई डाँकूहरूको ओड़ार बनाएका छौ" (मत्ती २१:१३)। तपाईंको हृदय परमेश्वरको घर र परमेश्वरको मन्दिर हुनको निम्ति बनाइएको हो। परमेश्वर यसमा बास गर्न चाहनु हुन्छ, यसलाई सुन्दर तुल्याउन चाहनु र ज्योति, प्रेम, र आनन्दले भरपूर पार्ने चाहना गर्नु हुन्छ। येशू हाम्रा पापलाई क्षमा गर्न मात्र आउनु भएन तर उहाँ हामीलाई बचाउन र पापको शक्ति र रजाईंबाट छुटकारा दिन आउनु भयो। "यसकारण पुत्रले तिमीहरूलाई स्वतंत्र गरायो भने, तिमीहरू निश्चय स्वतंत्र हुनेछौ।" (यूहन्ना ८:३६)।

## तेस्रो चित्र

Copyright ANGP


यो चित्रले एउटा सच्चा पश्चातापी मानिसको हृदयको अवस्था बताउँछ। अहिले उसले आफ्ना धेरै पापका घनता र डरलाग्दोपन देख्दछ जसको कारण येशू क्रूसमा मर्नुभयो। जसै त्यो पापीले क्रूसलाई देख्दछ जसले स्वर्गदूत, परमेश्वरको वचन, उसलाई प्रकट गर्दछ, यो क्रूसले उसको पश्चातापी हृदय तोडिदिन्छ र गम्भीर आन्तरिक शोक र वेदनाले आफ्ना धेरै पापका कारण विचलित हुँदछ। जसै उसले ख्रीष्ट येशूमा प्रकाशित परमेश्वरको महान प्रेम देख्दछ, यस प्रेमले उसको हृदय पगालिदिंदछ, विशेष गरेर जब उ यो महसूस गर्न थाल्दछ, कि ख्रीष्ट येशू परमेश्वरको पुत्र त्यो स्रापको रूखमा उसको बदला आफै मरेर उसका यति धेरै पापहरू उठाई लैजानलाई यस संसारमा आउनु भयो।

यो सत्य घटना हो कि येशूलाई कोर्रा लगाए, काँडाको मुकुट पहिराइदिए, उनको हात र पाउमा निर्दयतासाथ कीला ठोके र उनी



Nepali HB 23 6/30/16 10:47:20 AM

हाम्रो पापको लागि क्रूसमा मरे। यो घटनाले स्पष्ट औ गहिरो रूपमा पश्चातापी पापीलाई उसको हृदय र जीवनमा परिवर्तन ल्याउँदछ। जसै उसले परमेश्वरको वचन पढदछ; जससा उसले आफैलाई ऐनामा देखे झैं देख्न थाल्दछ, औ आफूलाई झन् झन् परमेश्वरदेखि टाढा भएको र उहाँको आज्ञाको विरूद्ध अपराधी भएको महसूस गर्दछ। गहिरो धार्मिक शोक, र प्रायश्चित उसलाई




३. पश्चातापी हृदय

हुँदछ र जसै उसले आँसु र विलापका साथ परमेश्वरको अघाडि आफूलाई झुम्पिन्छ, येशूले उसलाई आफ्नो नजीकै खिच्नु हुँदछ। परमेश्वरको प्रेम र शान्ति उसको हृदयमा प्रवेश गर्दछ जब उसले यो महसूस गर्न लाग्दछ कि "परमेश्वरका पुत्र येशूको रगतले हामीलाई सब पापबाट शुद्ध पार्दछ" (१ यूहन्ना १:७)। "टूटेका हृदय भएकाहरू सबैको नजीक परमप्रभु हुनुहुन्छ" (भजनसंग्रह ३४:१८)। फेरि परमेश्वरको वचनले यो भन्दछ "म त्योतिर हेरिरहन्छु जो दीन औ चूर्ण मनको छ र मेरो वचन सुनेर काम्दछ" (यशैया ६६:२)। पवित्र आत्माले येशूका यी वचनहरूद्वारा बोल्नु हुँदैछ "हे छोरा (छोरी) आनन्द गर तिम्रा पाप क्षमा भए"। यी सब कार्य उसकै निम्ति गरिएका हुन् भन्ने विश्वासमा जबसम्म उसले क्रूसमा र क्रूसमा बहाइएको येशूको रगतमा हेरिरहेको हुन्छ, उसले यो महसूस गर्न थाल्दछ कि उसको पापको बोझ हटिसकेको छ, किनकि येशूले हाम्रो दु:ख, शोक उठाएर सहनु भयो; कि "उहाँ हाम्रो अपराधको कारण घायल गराइनु भयो औ हाम्रो अधर्मको निम्ति कुच्याइनु भयो" कि "परमेश्वरले हामी सबैको अधर्मको बोझ उहाँमाथि हालि दिनुभयो" (यशैया ५३)।

पवित्र आत्माको प्रकाशले अब उसको अन्धकारपूर्ण र अशुद्ध हृदयलाई भरपूर पार्दछ। अब उ शुद्ध पारिएको छ र येशूको रगतले हिउँ जस्तै सेता बनाइएको छ (यशैया १:१८)। पवित्र आत्माले उसको आत्मामा गवाही दिनुहुन्छ कि उसलाई क्षमा भएको छ र उ अनुग्रहद्वारा परमेश्वरको सन्तान बनिएको छ (रोमी ८:१६)। अब उसलाई यो निश्चय छ कि "जो कोही येशूमा विश्वास गर्दछन् नाश हुदैनन् तर अनन्त जीवन पाउँछन्" (पढनुहोस १ कोरिन्थी ६:१०,११)। किनकि "येशूमा हामीलाई उहाँको रगतबाट उद्धार, अर्थात उहाँको अनुग्रहको धनअनुसार अपराधहरूको क्षमा हुन्छ" (एफिसी १:७)। शारीरिक पापपूर्ण अभिलाषाको सट्टा अब उसमा परमेश्वरको निम्ति जिउने र उहाँको निम्ति सेवा गर्ने गहिरो इच्छा हुन्छ, "जसले



Copyright ANCP

हामीलाई पहिले प्रेम गर्नु भयो" । अब संसार र सांसारीक कुराहरू-मा प्रेम राख्नुको बदला उसले परमेश्वर र परमेश्वरका कुराहरूमा ज्यादा प्रेम गर्न थाल्दछ।

यसकारण यस चित्रमा विभिन्न पाप संकेत गर्ने जनावरहरू अब हृदयको बाहिर पट्टि रहेका छन्, तरैपनि शैतान आफ्नो पहिलेको वासस्थान छोड्न राजी छैन, र फेरि भित्र पस्ने आशामा पछि फर्केर हेरिनै रहेको छ। यसैकारण प्रभु येशूले हामीलाई बताउनु भयो कि हामी जागा रहौं, प्रार्थना गरौं र शैतानको विरोध गर्दै रहौं ताकि शैतान हामीदेखि टाढा भागोस् ।

## चौथो चित्र

यो चित्रले एउटा ख्रीष्टियनको बारेमा बताउँदछ, जसले हाम्रा प्रभु औ उद्धारकर्ता येशूको बलिदानद्वारा पूर्ण शान्ति औ छुटकारा पाइसकेको छ। यसकारण अब उसलाई कुनै कुरामा घमण्ड छैन। "खालि हाम्रा प्रभु येशू ख्रीष्टको क्रूसको, जसद्वारा म चाहिं संसारको लेखि र संसार चाहिं मेरो लेखि क्रूसमा टाँगिएको छ" (गलाती ६:१४)। येशू क्रूसमा मर्नु भयो जसमा हामी पनि उहाँ संगसंगै "पापको लेखि मरेर धार्मिकताको लेखि जिउन सकौं" (१ पत्रुस २:२४)। एक ख्रीष्टियन जसले सांसारीक कुराप्रतिको इच्छा क्रूसमा चढायो। हामीहरूले आज्ञा पाएका छौं कि "आत्मा अनुसार चल र शरीरका लालसा कुनै रीतिले पूरा नगर" (गलाती ५:१६-२५)।


यस हृदयको चित्रमा त्यो खाँभो देखाइएको छ, जसमा प्रभु येशूलाई लुगा खोलेर तिनीहरूले बाँधेका थिए। यसकै साथमा चाबुक र कोर्रा पनि देखाइएको छ जसद्वारा उहाँ निर्दयतासाथ पिटिनु भएको थियो। उहाँ हाम्रो पापको लागि मारिनु भयो किनकि "हाम्रो शान्तिको लागि उहाँ माथि शासना पऱ्यो"। हेरोद राजा र उनका मानिसहरूले उहाँलाई गिल्ला गरे, कोर्रा लगाए, बैजनी रङ्गको वस्त्र



Copyright ANGP

Nepali HB 26 6/30/16 10:47:21 AM

पहिराइ दिए, र काँडाको मुकुट बनाएर उहाँको टाउकामा खाँदे, राजाले लाउने सुनको मुकुट भन्दै लगाइ दिए। राजाको हातमा राजदण्ड रहनु पर्छ भन्दै तिनीहरूले उहाँको दाहिने हातमा नर्कट राखिदिए र उहाँको अघाड़ि निहुरेर "यहूदीहरूका राजा सलाम" भन्दै ठट्टा गरे। तिनीहरूले उहाँलाई थुके र उहाँको हातबाट नर्कट थुतेर उहाँको टाउकोमा हिर्काए। यसरी तिनीहरूले निर्लज्ज र




४ ख्रीष्टसंगै क्रूसमा चढ़ाइएको

निर्दयताकासाथ खिसी गरेपछि उहाँलाई क्रूसमा चढाउनको लागि बाहिरतिर लिएर गए।

कैयौं नामधारी ख्रीटियनहरू छन् जो गिर्जा घरमा प्रार्थना गर्छन्, प्रभुभोजमा भाग लिन्छन्, परमेश्वरको भजन गाउँछन् र पनि आफ्ना दुष्ट कार्यहरूद्वारा लगातार आफ्ना उद्धारकर्त्ता प्रभुलाई फेरि क्रूसमा चढाइ नै रहन्छन्। "मलाई हे प्रभु, हे प्रभु भनेर बोलाउने हरेक स्वर्गको राज्यमा पस्ने छैन तर जो मेरा स्वर्गीय पिताको इच्छा अनुसार चल्छ त्यहि पस्ने छ" (मत्ती ७:२१-२७)।

यो चित्रमा हामी एउटा पैसाको थैली पनि देख्छौं जुनचाहिं यहूदा इस्करयोतीको हो, जसले प्रभु येशूलाई धोका दिएर ३० वटा चाँदीका टुक्रामा बेच्यो किनकि पैसाको प्रेमले उसको हृदय बाँधिएको र मन अन्धा भएको थियो। लाल्टीन, साङ्ला इत्यादि ती सिपाही-हरूले प्रयोग गरेका थिए जसले येशूलाई रातमा पक्रेका थिए। पासा, जो अक्सर जुवा खेल्ने काममा प्रयोग गरिन्छ यो सिपाहीहरूले प्रयोग गरेर उहाँको वस्त्रमा चिट्ठा हाले र यस प्रकारले परमेश्वरको भविष्यवाणीको शब्द पूरा हुन आयो "तिनीहरूले मेरा वस्त्र आपसमा बाँड्छन् र मेरो दौरामा चाहिं तिनीहरूले चिट्ठा हाल्छन्" (भजनसंग्रह २२:१८)। तिनीहरूले येशूका हरएक कुरा लिए तर उहाँचाहिंलाई यसो भन्दै इन्कार गरे "हामीमाथि शासन गर्नलाई यो मानिस हामी चाहँदैनौं।

मानिसहरू साधारणतया परमेश्वरबाट सबै किसिमका आशीष-हरू पाउन इच्छुक छन्—हावा वर्षा, सूर्यको ताप इत्यादि। तर तिनीहरू आफै चाहिं परमेश्वरको अधिनमा रहन चाहँदैनन्। धेरै जनालाई परमेश्वर केवल आपत्ति र निराशको समयमा सहायक बनिदिए पुग्छ।

सिपाहीहरूले येशूको कोखामा र हृदयमा भालाले घोचे "र तुरुन्तै त्यहाँबाट रगत र पानी निस्कियो" (यूहन्ना १९:३३-३७)।



Copyright ANGP

Nepali HB 28 6/30/16 10:47:22 AM

भाले बास्नु भन्दा पहिले पत्रुसले तीन पटक येशूलाई इन्कार गरे तर पछि छाती पिटी पिटी रोएर पश्चाताप गरे। के तपाईंले येशूलाई आफ्ना वचन र काम द्वारा स्वीकार गर्नु भएको छ? कि मानिसहरू-को अघाड़ि तपाईंलाई लाज लाग्छ? येशूले भन्नु भयो "यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ म पनि उसलाई मेरा स्वर्गमा हुने पिताको सामु स्वीकार गर्नेछु। तर हरेक जसले मलाई मानिसहरूका सामु इन्कार गर्छ, म पनि उसलाई मेरा स्वर्गमा हुने पिताको सामु इन्कार गर्नेछु" (मत्ती १०:३२,३३)। येशूले यो पनि भन्नु भयो, "औ जो आफ्नो क्रूस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन" (मत्ती १०:३८)।

तिनीहरू धन्यका हुन् जो ख्रीष्ट येशू, चट्टानमा दृढ़ रहँदछन्।

## पाँचौं चित्र

परमेश्वरको प्रशस्त अनुग्रह र दयाले बचाइएर शुद्ध र पवित्र पारिएको एक पापीको हृदय यस चित्रले दर्शाउँछ। यो हृदय अब परमेश्वरको सच्चा मन्दिर, परमेश्वर पिता, पुत्र र पवित्रात्माको वासस्थान भएको छ, जसरी प्रभु ख्रीष्ट येशूले प्रतिज्ञा गर्नु भएको थियो "कसैले मलाई प्रेम गर्दछ भने, त्यसले मेरो वचन पालन गर्ने छ, औ मेरा पिताले त्यसलाई प्रेम गर्नु हुनेछ, र हामी त्यसकहाँ आउने छौं र त्यससंग बास गर्ने छौं" (यूहन्ना १४:२३)। परमेश्वरले मानिसहरूलाई आदरकासाथ आशीष दिएर माथि उठाउनु हुन्छ (लूका १:५२)।


अब यो हृदय परमेश्वरको सच्चा मन्दिर भएको छ। यहाँबाट पाप निकालिएको छ। झूटको पिता शैतानद्वारा विभिन्न जनावरहरू-ले शासन गरिएको हृदयमा अब हामी पवित्रात्मा, सत्यका आत्मा बास गर्नु भएको देख्दछौं। पापका घृणित बैठकका बदला अब उसको हृदय सुन्दर फलदायी रूख वा बगैंचा भएको छ, जसले आत्माको



Copyright ANGF

Nepali HB 29 6/30/16 10:47:22 AM

फल फलाउँदछ, जस्तै : प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाई विश्वस्तता, नम्रता, संयम र यस्तै परमेश्वर र मानिसलाई मनपर्ने सदगुणहरू। अब उ सच्चा अँगुरको फलदायी हाँगो भएको छ, जुन अँगुर हाम्रो प्रभु येशू ख्रीष्ट हुनु हुँदछ। यो फल फल्नुको रहस्य यो हो कि उ ख्रीष्टमा रहँदछ र ख्रीष्ट र उहाँका वचनहरू उसमा रहँदछन् (यूहन्ना १५:१-१०)। पवित्रात्माद्वारा भरपूरी र बप्तिस्मा पाएदेखिन्




५. परमेश्वरको मन्दिर

उसमा अब शरीर र शारीरिक अभिलाषा माथि विजय पाउने र पूरानो मनुष्यत्व क्रूसमा चढाउने सामर्थ छ। पवित्रात्माको शक्तिले उ आत्मिक तवरमा हिंडन र शरीर माथि विजय पाउन समर्थ भएको छ। उ सुन्ने, देख्ने र अनुभव गर्ने कुराहरू अनुसार हिंडदैन तर विश्वासद्वारा जीवन बिताउँछ—किनकि ख्रीष्ट येशूमा विश्वास गर्नु नै विजय हो।

"धन्य हृदयमा शुद्ध हुनेहरू किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्" (मत्ती ५:८)। दाऊद राजाले आफ्ना सारा धन सम्पत्ति र आफ्ना बाहिरी शत्रुहरू माथि विजय पाउँदा पनि, यो थाहा पाए कि सबभन्दा ठूलो युद्ध त उनको आफ्नै हृदयभित्र चलिरहेको थियो र आफ्नो आन्तरिक आवश्यक्ताको महसूस गर्दै यो प्रार्थना गरे "हे परमेश्वर ममा शुद्ध आत्मा सृजनुहोस् र मभित्र नयाँगरी स्थिर आत्मा दिनुहोस्" (भजनसंग्रह ५१:१०)। कोही पनि आफ्नो हृदय आफै शुद्ध पार्न वा आफै नयाँ आत्मा सृजना गर्न समर्थवान छैन, खालि दाऊद राजाले गरे झैं परमेश्वरमा आएर आफूमा नयाँ हृदय उत्पन्न गर्न उहाँसंग सच्चा पश्चातापकासाथ प्रार्थना गरेर मात्र हुन सक्ने कुरो हो। परमेश्वर तपाईंको जीवनमा नयाँ कुरा गर्न उत्सुक हुनुहुन्छ। आडम्बरले भरिएका तपाईंका आफ्ना धार्मिक्ताका झुत्रा वस्त्र टालेका भरमा तपाईंको हृदय परम परमेश्वरको वासस्थान हुन सक्दैन। परमेश्वर मात्र तपाईंलाई सहायता गर्न तयार हुनुहुन्छ, किनकि त्यो व्यक्ति उहाँ नै हुनु हुन्छ जसले प्रतिज्ञा गरेर भन्नु भयो "म तिमीहरू माथि चोखो पानी छर्कन्छु, जसद्वारा तिमीहरू शुद्ध हुँदछौ। यसरी म तिमीहरूलाई सबै अशुद्धता र मूर्तिहरूदेखि शुद्ध गर्दछु। अनि म तिमीहरूको हृदय नयाँ पारेर तिमीहरूमा नयाँ आत्मा उब्जाउँछु, र तिमीहरूको ढुङ्गाको हृदय निकालेर मासुको हृदय दिनेछु। अनि म आफ्नो आत्मा तिमीहरूमा हालेर यस्तो गराउनेछु कि तिमीहरू मेरा विधिहरूमा हिंडनेछौ र मेरा नियमहरू मानेर त्यस अनुसार गर्नेछौ" (इजकिएल ३६:२५-२७)। यही नै नयाँ



Copyright ANGP

नियमको अर्थ हो, जुनचाहिं परमेश्वरले आफ्ना पुत्र ख्रीष्टको रगतद्वारा छाप लगाउनु भएको छ।

हामी यस चित्रमा स्वर्गदूतलाई फेरि पनि प्रकट भएको देख्दैछौं। स्वर्गदूत तिनीहरूको सेवाको लागि नियुक्त गरिएका हुन्, जुनहरू अनन्त जीवनको भागीदार भएका छन्। स्वर्गदूतहरू परमेश्वरको भय मान्नेहरूलाई घेरेर रहँदछन्। भजनसंग्रह ३४:७; ९१:११; दानियल ६:२२; मत्ती २:१३; १३:१९; १८:१; प्रेरित ५:१९; १२:७-१०।

हामी यस चित्रमा शैतानलाई पनि हृदयको नजीकै उभिरहेको देख्दछौं, मानौं उ आफ्नो पहिलेको वासस्थानमा फेरि पस्ने मौका खोजिरहेको छ। यसैकारण हामीले आज्ञा पाएका छौं कि हामी जागा रहेर प्रार्थना गरिरहौं "किनकि हामीहरूको विरोधी शैतान, कसलाई भेटाउँ र निलिहालूँ भनेर गर्जने सिंह झैं खोजेर हिंडदछ" (१ पत्रुस ५:८)। कैयौं पटक शैतान ज्योतिको दूतको रूपमा भेष बदलेर बेहोशियारी सेवकहरूलाई सांसारीक वासना र अभिलाषामा मुग्ध पारेर आफ्नो धूर्याइँमा छकाउँदछ, यहाँसम्म कि विशेष चुनिएका जनहरूलाई पनि धोका दिने प्रयत्न गर्दछ। तर यदि हामी शैतानको सामना गर्छौं भने त्यो हामीदेखि टाढा भाग्दछ (याकूब ४:७)।

Copyright ANCP

# छैटौं चित्र


यो एउटा विश्वासमा पछि हटन लागेको व्यक्तिको दुःखदायी चित्र हो। उसको एउटा आँखा बन्द हुन लागिरहेको छ, जसले उ ख्रीष्टियन जीवनमा सेलाउँदै गैरहेको कुरा दर्शाउँछ, जब कि उसको अर्को आँखा निर्लज्जाका साथ चारैतर्फ हेरिरहेर संसारको प्रेम वासनामा भुलिरहेको छ। उसको हृदयप्रकाश अँध्यारो भएको छ र ख्रीष्ट संगसंगै दुःख भोग्न तयारी देखिएका लक्षणहरू हराइसकेका छन् र अझै उ अब ख्रीष्टसंग हिंडन तयार छैन। उ परीक्षाहरूले घेरिएको छ जसको विरोध गर्नको सट्टा उ विस्तार विस्तार परीक्षाहरूद्वारा नै



Nepali HB 32 6/30/16 10:47:23 AM

पराजय हुँदै गैरहेको छ। परमेश्वरको वाणी सुन्नको बदला उ अब शैतानको घूर्तताका कुराहरू पट्टि ध्यान दिन लाग्दछ; यद्यपि उ अझै धार्मिक्ताको जामा पहिरिएर आफ्ना सांसारीक कुराहरू लुकाएर गिर्जा, आराधनामा जाँदछ।

उसको हृदयमा परमेश्वर प्रतिको प्रेम सेलाइसकेको छ। उ दुइ




६. परीक्षित औ विभाजित हृदय

विचारको बीचमा रोकिएको दुईचित्ते भएको छ। परमेश्वरलाई प्रेम गरेको बहानामा उ संसारसंग प्रेमालाप गर्न लाग्दछ। उसको हृदयको तारा, विवेक अँध्यारो भएको छ। उसले अब त्यो क्रूस मुस्कुराहटका साथ उठाएको हुँदैन तर उसको जीवनमा एउटा वाक्कलाग्दो गह्रौं भारी मात्र भएको हुन्छ। उसको विश्वास डगमगाउन लागेको छ, प्रार्थनामा परमेश्वरसंग संगति, बातचीत गर्न बन्द गरेको छ। आफ्नो हृदयको अवस्थाबारे हेलचेक्रचाइँ र लापर्वाही भएर विस्तारै शैतानलाई आफ्नो हृदयमा स्थान दिंदैछ। उ सच्चा विश्वासीहरूसंगको संगतिमाभन्दा सांसारीक संगतिमा ज्यादा आनन्द लुटन चाहन्छ।

मयूरको आत्मा, जो घमण्डको प्रतीक हो भित्र पस्न खोज्दछ उसले केवल अनुग्रहले मात्र उद्धार पाएको हुँ भन्ने कुरालाई भूलेर उ अब एउटा घमण्डी ख्रीष्टियन बन्न थाल्दछ। शारीरिक विचार र वासनाहरू फेरि उसका मनमा आउन लाग्दछन्। उसले फेरि बारं-बार अनैतिक ठट्टा गर्न, अनैतिक चित्रहरू हेर्न, खराब संगति गर्न र यस्तै रङ्ग-नाच, प्रश्नयुक्त मनोरञ्जन आदिमा आनन्द र चाख मानेर शैतानका खराब सुझावहरू निल्न शुरू गर्दछ, जसले यो भन्छ कि यो त स्वभाविकै कुरा हो र यति गर्नु, त पाप नै होइन।

यो सत्य कुरा हो कि शैतानिक चरो र अशुद्ध विचार हाम्रो टाउको माथि उडनदेखि हामी रोकन सक्दैनौं, तर यदि हामीले त्यस दुष्ट चरोलाई हाम्रो हृदयमा गुँड बनाएर बस्न दियौं र दुष्ट कार्यका चल्लाहरू काडन दियौं भने हामी यसमा दोषी ठहरिने छौं। यदि हामीले शैतानलाई कान्छी औंलो मात्र दियौं भने यो निश्चय छ कि उसले हाम्रो पूरै हात पकडेर हाम्रो आत्मालाई अनन्त नरकमा डुबाउने छ। यसकारण हामीहरूलाई परमेश्वरको गम्भीर चेतावनी यो छ कि हामी जवानीका अभिलाषादेखि टाढा भागौं र यसले जुनसकै रूपमा हामीलाई लोभ्याए पनि हामी यसमा नफसौं। हामी



Copyright ANCP

Nepali HB 34 6/30/16 10:47:24 AM

येशूकहाँ दौडौं जो हाम्रो उद्धारक र विजयी हुनु हुन्छ।

चित्रमा देखाइएको त्यो मानिस जसले हृदयमा छुरीले खोपि-रहेको छ, ख्रीटियन धर्मलाई ठट्टा गर्ने र विरोध दर्शाउने मानिसको संकेत गर्दछ। तिनीहरूको यो दोषारोपित जिब्रो र खिसीपूर्ण ओंठले ख्रीष्टियनको त्यो विभाजित हृदयमा हमला गर्दछन् र असह्य भएर उसले हार खानु पर्दछ। उसले परमेश्वरको भन्दा मानिसको ज्यादा डर मान्न थाल्दछ र मानिसले के गर्लान्, के भन्लान भन्ने डरको कारणले उ मानिसहरूकै दास हुँदछ र परमेश्वरदेखि टाढ़ो हुँदैजाँदछ। आपत्ति र निराशको समयमा दुष्ट क्रोध र रीस प्रकट भएर भित्र पस्न जोड गर्दछन्। ती अरू जनावरहरू तपाईं भन्दा अलिक सफल र विजयी भैसकेपछि ईर्ष्याको त्यो दुष्ट साँप तपाईंमा देखा परेर एक्कासि भित्र पस्दछ। यदि तपाईंले अलिकतामात्र मौका दिनु भयो भने त्यसले तपाईंमा घृणा र घमण्डको ढोका खोलिहाल्दछ।

रूपियाँ पैसाको लोभ देखाएर यसले हृदयमा सजिलै प्रवेश पाउन सक्छ, यदि हामी प्रभु येशूको चेतावनीमा ध्यान दिंदैनौं भने, जब कि उहाँ भन्नु हुन्छ "जागा रह, प्रार्थना गर र परीक्षामा नपर" (मत्ती २६:४१)। यसकारण "म खडा छु भन्ने जसले विचार गर्दछ, त्यो होशियार रहोस, नत्रत त्यो लडछ" (१ कोरिन्थी १०:१२)। हामी परमेश्वरका सबै हतियारहरू धारण गरौं जसद्वारा हामी शैतानको विरूद्धमा खडा हुन सक्दछौं (एफिसी ६:११-१८)।


# सातौं चित्र

यो चित्रले विश्वासमा पछि हटिसकेको मानिसको हृदयको अवस्था दर्शाउँछ, जसले एक समय ख्रीष्ट येशूमा भएको मुक्तिको ज्ञान प्राप्त गरेर स्वर्गीय आशिषहरूको स्वाद चाखिसकेको थियो र पवित्रात्माको संगतिको सहभागी भएको थियो तर अब उ पतित भैसकेको छ। यो चित्रले त्यो मानिसको अवस्था पनि दर्शाउँछ,



Copyright ANCP

जसले कहिल्यै पनि पश्चाताप गरेको छैन वा परमेश्वरमा आफैलाई समर्पण गरेको छैन । यद्यपि सुसमाचारको सत्यता जसलाई "सुसन्देश" भनिन्छ उसको सामने प्रकट गरिएको थियो। त्यो मानिस जसलाई परमेश्वरले सल्लहा दिनु हुँदा हृदय कड़ा बनाउँदछ, उसको सुधारको लागि जतिसुकै नै प्रयत्न गरे पनि उ झन् झन् खराब हुँदै जाँदछ ।




७. विश्वासमा पछि हटिसकेका वा कड़ा बनाइएको हृदय

विश्वासमा पछि हटनेहरूको सम्बन्धमा येशू आफै तिनको अवस्थाको बारेमा वर्णन गर्नु हुन्छ, जब उहाँ भन्नु हुन्छ "जब अशुद्ध आत्मा मानिसबाट निस्केर जान्छ, तब त्यो ओबानो ठाउँ हुँदो विश्राम खोज्न जान्छ, र नपाएपछि 'म निस्केर आएको मेरो घरमा फर्केर जान्छु, भनी भन्छ। औ आएर त्यसले त्यो बढारेर सजाएको भेटाउँछ। तब त्यो गएर आफूभन्दा ज्यादै दुष्ट अरू सातवटा आत्मा-हरूलाई साथमा ल्याउँछ, र ती पसेर त्यहाँ बास गर्छन्; औ त्यस मानिसको पछिल्लो हालत अघिल्लो भन्दा बढता खराब हुन्छ" (लूका ११:२४-२६)। "यो सत्य उखानअनुसारनै तिनीहरूलाई यो भएको छ कि कुकुर आफ्नै बान्तामा फर्की आउँछ, र नुहाइदिएको भुनी हिलैमा लडबडी खेल्छ" (२ पत्रुस २:२२)।

बाइबल धर्मशास्त्रको यो अंशले विश्वासमा पछि हटने वा अपश्चातापी पापी हृदयको अवस्था स्पष्टसंग बताउँछ। पाप आफ्नो सब प्रकारको धोकाबाजीको पूर्णतामा हृदयमा बस्न र शासन गर्न आएको छ। यहाँसम्म कि उसको चेहराकृतिले पनि उसको हृदयको अवस्था प्रकट गर्दछ। पवित्रात्मा त्यो नम्र ढुकुरलाई पनि हृदय छोडन कर लाग्दछ किनकि पाप र पवित्रात्मा सगसंगै रहन सक्ने कुरो होइन। यो असम्भव छ कि हृदय एकै समय परमेश्वरका मन्दिर र साथै शैतानको ओडार बन्न सकोस। यहाँ स्वर्गदूत, परमेश्वरको वचनले खेदसाथ त्यस ठाउँबाट अलग हुन परेको छ, तैपनि त्यस मानिसले कतै पश्चाताप गर्छ कि भन्ने आशामा पछि फर्केर हेरिरहेको छ, जसरी उडाउ पुत्रले गऱ्यो "म उठेर आफ्ना बाबुकहाँ जानेछु र उहाँलाई भन्ने छु, हे पिता, मैले स्वर्गको विरूद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु, अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैन, मलाई तपाईंका ज्यालादारी नोकरहरूमध्ये एउटा सरह तुल्याउनुहोस्" (लूका १५:१८,१९)। यी बाबुले आफ्नो छोरालाई पश्चातापी देखेर क्षमा गरिदिए।



Copyright ANGP

Nepali HB 37 6/30/16 10:47:25 AM

तर यस चित्रमा हेर्दा थाहा हुन्छ कि यस हृदयमा कुनै सच्चा पश्चातापको चिन्हसम्म पनि छैन । कोही पनि परमेश्वर तर्फ फर्केको छैन र कसैले पनि येशूको चरणमा आएर क्षमाको लागि पर्खेका छैन । उसको विवेक यस्तो भएको छ, मानौं तातो फलामले डामेर चुपचाप पारिएको छ। उसका कान छन्, तर येशूको नम्र विनयलाई उ सुन्न सक्दैन । उसका आँखा छन् तर उ नरकको त्यो अथाह कुण्डलाई देख्न सक्दैन जो (उसलाई निल्नको लागि) उसकै खुट्टानेर मुख बाइ-रहेको छ। पाप गरिरहनमा अब उसलाई केही शर्म छैन । शैतान उसको हृदयमा शासन गर्न आएको छ र आफ्नो सिंहासनमा राजा झैं विराजमान छ। यो पनि सम्भव छ कि अझ पनि बाहिरी धार्मिक देखावटमा आफैलाई एक भलो र आदरणीय पुरूष भएको गौरव महसूस गर्दछ, तर उ केवल चूनले पोतेको चिहान जस्तो मात्र हो, "जो बाहिरपट्टि सुन्दर देखा पर्दछ, तर भित्रपट्टि भने मुर्दाहरूका हाडहरू र सबै अशुद्ध वस्तुले भरिएको हुन्छ" (मत्ती २३:२७) ।

झूटको पिताले सत्यको आत्माको स्थान ओगटिराखेको छ । हरएक जनावर, हरएक पापलाई अब विशेष राक्षस वा अशुद्धात्मा-को संगति मिलेको छ जसले उसको हृदयमा अधिकार जमाएका छन् । यद्यपि उ आफैलाई यी दुष्ट आतंककारीहरूबाट स्वतन्त्र राख्न चाहन्छ तर तिनीहरूले उसलाई बाँधिनै राख्दछन् । "जब कि मोशाको व्यवस्थालाई लत्याउने मानिस, दुइ वा तीन जना गवाही-हरूका कुराले दयाबिना मर्दछन् । त विचार गर कि पमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने र आफूलाई पवित्र पारेको करारको रगत-लाई अपवित्र कुरो गन्ने, र अनुग्रहको आत्माई अपमान गर्ने झन् कति बढता कडा दण्डको योग्य ठहरिने छ" (हिब्रू १०:२८,२९; २ पत्रुस १:१४) ।

यदि यो चित्र तपाईंको हृदयको अवस्थासंग मिल्दछ भने, प्रिय मित्रवर, नढिलाइकन आन्तरिक हृदयदेखि परमेश्वरलाई पुकार्नु



Copyright ANCP

होस । "उहाँले नै तपाईंलाई पूर्ण उद्धार गर्न सक्नुहुन्छ" यदि तपाईं सच्चा पश्चातापको आत्मामा उहाँमा आउनु हुन्छ भने उहाँ तपाईंको सबै पाप क्षमा गर्नलाई योग्य र इच्छुक हुनुहुन्छ। यदि तपाईं उहाँलाई यो कार्य गर्न दिन इच्छुक मात्र हुनुहुन्छ भने उहाँ शैतान र अन्धकारका सारा सेनालाई बाँध्न र तिनीहरूलाई तपाईंको हृदयबाट बाहिर निकाल्न सामर्थवान हुनु हुन्छ। तपाईं पनि त्यहि कोढी भैं आउनु होस जसरी उसले येशू कहाँ आएर भन्यो "तपाईंले इच्छा गर्नुभयो भने मलाई शुद्ध पार्न सक्नु हुन्छ" येशूले उत्तर दिएर भन्नु भयो "म इच्छा गर्छु, तिमी शुद्ध भइजाऊ" (मर्कूस १:४०,४१) । तर यदि तपाईं आफ्नो हृदय कडा पार्दै जानु हुन्छ र ज्योतिलाई भन्दा अन्धकारलाई बढी रूचाउनु हुन्छ भने तपाईंको जीवनमा कुनै आशा र सहारा हुने छैन, कारण तपाईंले जीवनको बदला मृत्युलाई छानिरहनु भएको हुन्छ "किनकि पापको ज्याला मृत्यु हो" (रोमी ६:२३) ।

# आठौं चित्र


यहाँ हामी अल्याङ टल्याङ् गर्ने पापी र विश्वासमा पछि हटेको व्यक्तिलाई मृत्युको सन्मुखमा देख्दछौं । अहिले उसको आत्मा मृत्युको डरले र शरीर पीडाले भरिएको छ। मृत्यु अचानक नसोचेको समयमा आइपुगेको छ । अब पापका धोकापूर्ण आनन्द जीवनबाट बितिसकेका छन् र यमको उच्चता र भयानक मजदूरीको भयपूर्ण वास्तविकतालाई सामना गर्नु परेको छ। नरकका पीडाले आफ्नो शिकारलाई समातिरहेको छ। अहिले उ परमेश्वरसंग बिन्ति गर्ने चाहना गर्छ, तर परमेश्वरको प्रेमलाई उसले यतिका समयसम्म लत्याएको हुनाले परमेश्वरसंग उसको संगति (वार्तालाप) हुन सक्दैन। उसका पहिलेका साथीहरू अब उसको मृत्युशैय्याको छेउमा उभिन पनि डराउँछन् र तिनीहरूका रित्ता वचनबाट केही सान्त्वना पनि मिल्न सक्दैन । उसले जीवनभरी मरी मरी कमाएको सम्पत्तिले



Copyright AMCR

नत उसको आयु बढाउन सक्छ न उसको प्राण बचाउँछ, नत त्यो पीडित आत्मालाई नै केही आराम मिल्छ। उसलाई अब परमेश्वर प्रति एकाग्रचित्त राख्न असम्भव छ। किनकि शैतानले उसलाई यसो गर्ने अवसर नै दिंदैन।

हरएक चीज जसलाई उसले प्रेम गर्थ्यो र जसको लागि उ जिउँथ्यो तिनै कुराले आज उसलाई खिसी गरिरहेको महसूस हुँदछ;




८. पापीको दण्ड

Nepali HB 40 6/30/16 10:47:25 AM

यहाँसम्म कि उसको अविश्वसनीय, शायद अपरिवर्तनीय गोठालोले पनि उसलाई अब मद्दत गर्न सक्दैनन्। उसलाई अब यो महसूस हुन लाग्दछ कि "जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरो हो" (हिब्रू १०:३१)। उसले आशा गरेको थियो कि कुनै दिन, सुविधा-जनक समयमा अथवा मृत्यु-शैय्यामा भनेपनि परमेश्वरसंग आफ्नो हिसाब मिलाउँला भन्ने, तर उसलाई थाहा हुन्छ कि अब यो बिल्कुलै ढिलो भैसकेको छ र अब केही पनि गर्न सकिंदैन। हजारौं मानिसहरू अचानक मर्दछन् र उनीहरूलाई आफ्नो मृत्यु-शैय्यामा कति पनि मौका मिल्दैन जहाँ उनीहरूले परमेश्वरलाई खोज्न सकुन्। यसकारण यो जरूरी छ कि उसले परमेश्वरलाई खोजिहालोस् जब कि उसले पाउन सक्दछ। परमेश्वरको शन्तिपूर्ण औ बचाउको शब्द सुन्नको बदला यो मर्न लागिरहेको पापी, जसले आफ्नो जीवनकालमा परमेश्वरको अनुग्रह र प्रेमलाई अस्वीकार गऱ्यो, अब मुक्तिदाताको आवाज सुन्नको सट्टा आफ्नो न्यायकर्त्ताको आवाज सुनिरहेको हुन्छ, जसले यसो भन्दछ "ए श्रापित हो, शैतान र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्त आगोमा मबाट हटिजाओ" (मत्ती २५:४१)। "जसरी मानिसको निम्ति एकचोटी मरण र त्यसपछि इन्साफ नियुक्त भएको छ" (हिब्रू ९:२७)।

## नवौं चित्र

यो चित्रले एउटा ख्रीष्टियन जीवनमा अग्नि परीक्षा र जाँचहरू आइपर्दा सहँदै र विजय हुँदै गरेको देखाउँछ। जब कि उ चारैतिर-बाट परीक्षित हुँदछ तब उ बिचलित नभैकन स्थिर रहेर अन्तसम्म सहेर ख्रीष्ट येशूद्वारा जयवन्त भन्दा पनि बढी जयवन्त हुँदै जाँदछ। उ केवल ख्रीष्टियन दौडमा भर्ती भएको मात्र होइन तर उ यसमा खुरन्धार लागेर धैर्यसाथ दौडिनै रहन्छ, नत उ दायाँ फर्किन्छ न बायाँ तर केवल "विश्वासका कर्ता र सिद्ध तुल्याउनुहुने येशूलाई मात्र हेर्दछ" (हिब्रू १२:१,२)।



Copyright ANGP

Nepali HB 41 6/30/16 10:47:26 AM

शैतान आफ्ना सारा सेनाकासाथ, विश्वासी हृदयलाई चारैतिरबाट घेरेर बहकाउने प्रयत्न गरिरहेको छ। घमण्ड, पैसाको लोभ, व्यभिचारको दुष्टात्मा, र यस्तै अरूअरू कुराहरू पनि यहाँ दर्शाइएका छन्। चितुवाको ठाउँमा अहिले हामी यहाँ मधालाई देख्दछौं, किनकि कयौं पटक पाप हामीमा विभिन्न रूपमा देखा पर्दछ। तर जागृत सतर्क ख्रीष्टियनले, यद्यपि पाप धार्मिक्ताको पोशाकमा वा ज्योतिको स्वर्गदूतकै रूपमा प्रकट भएपनि चिन्न सक्दछ। किनकि परमेश्वरको वचन र सत्यको आत्माले उसलाई सब सत्यतामा डोऱ्याएको हुन्छ। विभिन्न जनावरहरू बाहेक हामी यहाँ एकजना मानिसलाई रक्सीको ग्लास हातमा लिएर नाचिरहेको पनि चित्रमा देख्छौं। जसले त्यस विश्वासीलाई संसारको वासना र मोज मजामा भुलाएर परीक्षामा लडाउने प्रयत्न गरिरहेको छ। तैपनि परमेश्वरमा समर्पित भैसकेको ख्रीष्टियनमाथि यसको केही प्रभाव पर्न पाउँदैन, किनकि वास्तवमा उसले आफैलाई पाप र संसारको लेखि ख्रीष्ट साथसाथै क्रूसमा चढाएको छ। चित्रमा देखाइएको दोस्रो मानिसले त्यस विश्वासीलाई छुरीले रोपिरहेको छ। कुवाक्य बोल्नु, विश्वासमा पछि हट्नु, निन्दा ठट्टा उडाउनु, परमेश्वरका शत्रुहरूद्वारा डर धम्की देखाउनु र कयौं पटक ख्रीष्टियन भनौदाहरूद्वारा सताइनु सच्चा ख्रीष्टियनको निम्ति हृदयमा छुरी रोप्नु जस्तै हो। तर उ संसारको लेखि मरिसकेको हुनाले मानिसका कुराहरूमा होइन तर परमेश्वरका कुराहरू प्रति ज्यादा ध्यान दिदछ। उ येशूले भन्नु भएका कुराहरू स्मरण गर्न लाग्दछ "धन्य हौ, तिमीहरू, जब मानिसहरूले तिमीहरूलाई मेरो खातिर निन्दा गर्नेछन् र खेदो गर्नेछन्, र हरेक किसिमका खराबी कुरा तिमीहरूका विरूद्धमा बोल्नेछन्, तब रमाओ र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिनीहरूको इनाम ठूलो हुनेछ" (मत्ती ५:११,१२)।

पापले देह (जो आफै हो) र शैतान त्यस विश्वासीलाई परमेश्वरको प्रेमबाट अलग गर्न सकभर प्रयत्न गरिरहेका हुन्छन्। तर उ

Copyright ANGP

ठूलो आनन्द र निश्चयताकासाथ सच्चा सित भन्न सक्छ,, "कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा शारीरिक वेदनाले वा खेदोले, या अनिकालले कि नाङ्गोपनाले, खतराले, वा तरवारले? (रोमी ८:३५) "अहँ, यी सबै कुरामा हामीलाई प्रेम गर्नु हुनेद्वारा हामी विजयीहरूभन्दा पनि बढता छौं" (रोमी ८:३७)। परमेश्वरका सम्पूर्ण हातहतियारहरू धारण गरेर उ आपत्तिका दिनहरूमा खड़ा हुनसक्छ र ख्रीष्ट येशूद्वारा सबै परीक्षा-हरूमा विजयी हुनसक्छ। जसले ख्रीष्ट येशूद्वारा सबै परीक्षा र जाँचहरूमा विजय प्राप्त गऱ्यो उसले नै विजयी भएर महिमाको मुकुट पनि पाउने छ।

तर, उसको विवेक अब सफा र चहकिलो छ। उसको हृदय विश्वास र पवित्रात्माले भरिएको छ। उस माथिको स्वर्गदूत परमेश्वर-को वचनले, उसलाई दिइएका ती बहुमूल्य प्रतिज्ञाहरूको स्मरण दिलाउँछ; जो जयवन्त भएर अन्त्यसम्म धीरजी रहन्छ। "जसले जित्छ, त्यसलाई परमेश्वरको स्वर्गमा भएको जीवनको रूखको फल म खान दिनेछु" "जसले जित्छ त्यसलाई दोस्रो मृत्युबाट केही हानि हुनेछैन।" "जसले जित्छ, त्यसलाई गुप्तमा रहेको मन्न दिनेछु, र म उसलाई एउटा सेतो पत्थर दिनेछु, त्यस पत्थरमा एउटा नयाँ नाउँ लेखिएको हुन्छ, जो पाउनेले बाहेक अरू कसैले यो जान्दैन।" "जसले जित्छ, र मेरा कामहरूलाई आखिरसम्म कायम राख्छ, त्यसलाई म जाति जाति माथि अख्तियार दिनेछु।" "जसले जित्छ, त्यसलाई यसरी सेता लुगा पहिराइदिन्छु, र म कुनै रीतिले पनि त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ, म त्यसको नाउँ मेरा पिताको सामने र उहाँका दूतहरूका सामने स्वीकार गर्नेछु।" "जसले जित्छ, त्यसलाई म मेरा परमेश्वरका मन्दिरमा खामा तुल्याउनेछु, र त्यो त्यसबाट फेरि बाहिर निस्कनेछैन।" "जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी मैले



Copyright ANGP

Nepali HB 43 6/30/16 10:47:26 AM

पनि जितें, र मेरा पितासंग उहाँको सिंहासनमा बसेको छु।" (प्रकाश २:७,११,१७,२६; ३:५,१२,२१)।

पैसाको त्यो खुला थैलीले बताउँछ कि उसले आफ्नो हृदय मात्र होइन तर पूरा धनसम्पत्ति पनि परमेश्वरलाई नै सर्मपित गरेको छ। आफ्नो सांसारीक धनसम्पत्ति बरबाद गर्नको बदला, उ गरीबहरूको सहायता गर्छ र जो आफूमा छ त्यो पनि परमेश्वरकै महिमा हुने काममा खर्च गर्छ।

रोटी र माछाले बताउँछ कि उसले एउटा शुद्ध, पवित्र र संयमी जीवन बिताउँछ। उ नशा पिएर वा रगत खाएर वा गला अँट्याएर मारेको मासु खाएर अथवा कुनै अशुद्ध भोजन गरेर आफूलाई बिटुलो पार्दैन। उ आफ्नो पैसाको बरबाद गर्दैन, नत आफ्नो शरीरलाई (जो परमेश्वरकै मन्दिर हो) पान, तमाखु खाएर, नशादार औषधि उपभोग गरेर अशुद्ध पार्दछ तर तागती, शुद्ध र पोशिलो भोजन पान गर्दछ। उसको आफ्नै हृदय प्रार्थनाको घर भएको छ। जुनसुकै परिस्थिति र वातावरणमा पनि उ गिर्जा-आराधनामा आदरपूर्वक लगातार जाँदछ। उ प्रार्थनामा भाग लिन मनपराउँछ चाहे घरमा, चाहे परिवारमा वा चाहें आफ्नै कोठामा किन नहोस, किनकि उसलाई थाहा छ कि एउटा सच्चा खीष्टियन जीवन प्रार्थनामा परमेश्वरसंग संगति नगरीकन तग्नै सक्दैन।


त्यस खुला पुस्तकले बताउँछ कि बाइबल धर्मशास्त्र उसको निम्ति सधैं खुला रहने पुस्तक हो, औ उ यो दिनप्रतिदिन पढेर अध्ययन गर्दछ र यसमा उसले बुद्धि औ सामर्थ्य, जीवन औ प्रकाश र अवर्णनीय धन प्राप्त गर्दछ। अब यो उसको पाउको लागि एउटा बत्ती र तलवार भएको छ जसले आफ्ना शत्रुहरू माथि विजय गर्दछ। यो उसको लागि दैनिक आत्मिक भोजन हो जो आत्माको निम्ति छ, यो त्यो पानी हो जसले आत्मिक तृष्णा मर्दछ, नुहाउने त्यो कुरो हो जसमा आफैलाई धोएर शुद्ध पार्दछ, र यो एउटा ऐना हो जसमा



Copyright ANGP

उसले आफैलाई देख्दछ ।

उ आफ्नो क्रूस उठाउनमा प्रेम राख्दछ, किनकि उसलाई थाहा छ कि क्रूस बिना मुकुट छैन । उसलाई थाहा छ कि उ ख्रीष्ट साथसाथै जीवनको नयाँपनमा बौरी उठेकोछ, उ अब माथिका कुराहरूको खोजी गर्दछ जो अनन्त र अदृश्य छन् । उ परमेश्वरलाई भेटन सधैं




९. विजयी हृदय

तयार छ, र उ त्यस वृक्ष जस्तै भएको छ जो पानीको नजीकै रोपिएको छ र जसले प्रशस्त फल फलाउने, सच्चा अँगुरको हाँगा झैं आफ्नो ऋतुमा फल दिंदछ। उसको हृदय अब पवित्रात्मा, परमेश्वरको सिद्ध प्रेमले भरपूर भएको हुनाले उसलाई मृत्युको डरको थाहा नै छैन।

# दशौं चित्र

येशूले भन्नु भयो "पुनरूत्थान र जीवन मै हुँ, मलाई विश्वास गर्ने मऱ्यो भने पनि बाँच्नेछ, औ बाँच्ने र मलाई विश्वास गर्ने प्रत्येक कहिल्यै पनि मर्नेछैन" (यूहन्ना ११:२५,२६) "जसले मेरो बात सुन्छ र मलाई पठाउनेलाई विश्वास गर्छ, उसमा अनन्त जीवन छ, औ त्यो इन्साफमा आउँदैन, तर मृत्युदेखि जीवनमा सरिहालेको हुन्छ" (यूहन्ना ५:२४)। ख्रीष्टियनमा मृत्युको केही डर रहँदैन। "मृत्यु विजयमा निलियो। ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?·······तर परमेश्वरलाई धन्यवाद होस, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ" (१ कोरिन्थी १५:५४-५७)।

त्यो व्यक्ति जो परमेश्वरको साथमा बसेको र हिंडेको छ, उसलाई मृत्युको डर छैन। जब उसले यो संसार छोडने समय आउँदछ तब उ खुशीसाथ जाँदछ, जसरी पावल प्रेरित भन्दछन् "गइहालेर ख्रीष्टको साथमा हुने इच्छा त छ, किनभने यो धेरै नै असल छ" (फिलिप्पी १:२३)।

त्यस ख्रीष्टियन येशूको त्यो चेहरा हेर्न चाहन्छ, जो उसको निम्ति क्रूसमा मर्नुभयो र उसलाई उद्धार गर्नुभयो। पवित्रात्माले पनि उसलाई येशूका वचनको याद दिलाउँदछ कि "तिमीहरूको हृदय दुखित नहोस, तिमीहरू परमेश्वरलाई विश्वास गर्दछौ, मलाई पनि विश्वास गर" (यूहन्ना १४:१)। "आँखाले नदेखेका र कानले नसुनेका औ मानिसका मनमा नपसेका, यस्ता जुनसुकै कुरा परमेश्वरले उहाँ-

लाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नु भएकोछ" (१ कोरिन्थी २:९)। पृथ्वीमा कुनै यस्तो योग्य भाषा छैन, जसले स्वर्गीय स्थानहरूको महिमाको वर्णन गर्न सकियोस, जुन स्थान यस संसारमा हाम्रा प्रभु ख्रीष्ट येशू संगसंगै हिंडनेहरूका लागि तयार पारिएको छ।

डरलाग्दो नरकङ्काल (मृत्यु)को सट्टा एक स्वर्गदूत यस अन्तिम




१०. महिमायुक्त स्वर्ग प्रस्थान

चित्रमा देखिएको छ। उ त्यस धर्मी ठहराइएको आत्मालाई परमेश्वरकहाँ लैजान पर्खि रहेको छ। अब उसका प्राण र आत्मा नाशवान शरीरका बन्धनबाट मुक्त भएर उहाँका हृदयान्तर-तिर उचालिएका छन् जसले उसको आत्मालाई प्रेम गर्नु भया, किनकि उहाँकै निम्ति उ यस पृथ्वीमा जियो र मऱ्यो पनि। परमेश्वरको समुपस्थितिमा एउटा आनन्दपूर्ण स्वागत उसलाई गरिन्छ, जहाँ उसलाई उसका प्रभुको प्रशंसित शब्दले अभिवादन गर्दछन्; "धन्य असल र इमानदार नोकर; तैंले थोरै कुरामा इमान देखाइस्, अब म तँलाई धेरै कुरामा नियुक्त गर्नेछु। आफ्ना मालिक संगसंगै खुशी हो" (मत्ती २५:२१)। अब उसमाथि शैतानको शक्तिको केही जोड चल्दैन किनकि "परमेश्वरका भक्तहरूको मृत्यु उहाँको दृष्टिमा अनमोल छ" (भजनसंग्रह ११६:१५)।

"अनि मैले स्वर्गबाट यसो भन्ने आवाज सुनें, 'यो लेख, अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्; अँ, आत्मा भन्नु हुन्छ कि तिनीहरूले आफ्ना आफ्ना परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्" (प्रकाश १४:१३)।

Copyright ANGP

# अन्तिम उपदेश

प्रिय पाठकवर्ग, परमेश्वरले तपाईंलाई सहायता गरून् कि तपाईंले आफ्नो हृदय उहाँमा दिनसक्नु भएकोहोस्, जसले तपाईंलाई प्रेम गर्नु हुँदछ, किनकि उहाँ तपाईंसंग विनय गरेर भन्नु हुन्छ "हे मेरा पुत्र (मेरी पुत्री) तिम्रा मन मतिर लगाओ" (हितोपदेश २३:२६)। तपाईं आफ्नो थकित, निराशपूर्ण र पीडित हृदय येशूलाई दिनुहोस् र उहाँले नयाँ हृदय र नयाँ आत्मा तपाईंभित्र दिनु हुनेछ। तपाईं आफ्नै धोकापूर्ण हृदयको अभिलाषा र इच्छा अनुसार चलेर आफैलाई धोका नदिनुहोस् किनकि "जसले आफ्नै मनमा भरोसा राख्दछ त्यो मूर्ख हो, तर जो बुद्धिसित हिंडदछ त्यो बचाइन्छ (हितोपदेश २८:२६)। आफ्नो पापलाई त्याग्नुहोस् र परमेश्वरको धार्मिक्तामा टाँसिनुहोस् "किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको वरदान हाम्रो प्रभु ख्रीष्ट येशूमा अनन्त जीवन हो" (रोमी ६:२३)।

औ तपाईं जसले आफ्नो जीवन परमेश्वरमा सुम्पनु भएकोछ, तपाईंले सुन्नु भएका विश्वास र प्रेम जो ख्रीष्ट येशूमा छन्, आफ्ना आदर्श बनाएर राख्नुहोस्, किनकि यसैकारण पावल प्रेरितले २ तिमोथी १:१२ मा यसरी बताएका छन् "किनभने मैले कसमाथि विश्वास राखेको छु, सो म जान्दछु, र म निश्चय छु, जुन कुरो मैले त्यस दिनको निम्ति उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँनै हुनु हुन्छ।" यस अति पवित्र विश्वासमा आफूलाई ढाल्नुहोस्, पवित्रआत्मामा प्रार्थना गर्नुहोस्, औ आफैलाई परमेश्वरको प्रेममा राख्नुहोस्, ख्रीष्ट येशूमा हेरेर जो बाटो, सत्य र जीवन हुनुहुँदछ, र हाम्रा प्रभु जो चाँडैनै आफ्नाहरूलाई लिन आउनु हुनेछ "जो राजाहरूका राजा औ प्रभुहरूका प्रभु हुनुहुन्छ।"



Copyright ANGP

Nepali HB 49 6/30/16 10:47:28 AM

"अब उहाँलाई, जसले तिमीहरूलाई ठेस खानबाट रक्षा गर्न, र उहाँको महिमाको सामने तिमीहरूलाई अति आनन्दसाथ निष्कलङ्क खडा गराउन सक्नुहुन्छ; अर्थात् हाम्रा अद्वितीय परमेश्वर मुक्तिदाता-लाई, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा, महिमा, पराक्रम र शक्ति सनातनदेखि अहिले र सदासर्वदासम्म होस्" (यहूदा २४,२५)।

Copyright ANGP



Nepali HB 50 6/30/16 10:47:28 AM

**A SPECIAL WORD FROM ANGP**

**UN MONDE SPÉCIAL DE L'ANGP**

**UMA PALAVRA ESPECIAL DA ANGP**

**This booklet "The Heart of Man" is available in over 538 languages and dialects spoken throughout the world (Africa, Asia, The Far East, South America, Europe, etc.) Our Heart Book is now also available on cell phones, tablets, etc from www.angp-hb.co.za or as an APP "Heart of Man" on Android phones.**

**Le livre du "Coeur de l'homme" peut etre obtenu en plus de 538 langues et dialectes parles dans le monde entier, a savoir: Afrique, Amerique, Asie, Extreme Orient, Europe. Notre Livre du Coeur est maintenant aussi disponible sur votre Telephone cellular, plaques, etc. de www.angp-hb.co.za ou comme une Application "Heart of Man" sur telephones Android.**

**Este livro "O Coracao do Homem" e obtido em mais de 538 linguas e dialectos falados em todo o mundo, a saber: (Africa, Asia, America do Sul, Extremo Oriente, Europa, etc). O nosso Livro O Coração do Homem tambem esta agora disponivel em telefone celular, tablets, etc. de www.angp-hb.co.za ou como um aplicativo "Heart of Man" nos telephones celulares Android.**

Copyright ANGP

**The 10 heart pictures contained in this booklet are also available in the form of large coloured picture charts (86 x 61cm) bound together in a set of 10 pictures. These "Heart Charts" can be obtained with European or African features and are particularly suitable to be used in conjunction with the Heart Book for class-teaching, open air evangelization etc. Kindly contact us to ascertain the latest subsidized price of this chart.**

**Les 10 images du coeur qui figurent dans ce livre peuvent etre obtenues en tableaux de couleur, format 86 x 61 cm, avec des physionomies europeennes ou africaines. Ils peuvent etre utilises en meme temps que le livre du coeur pour des classes bibliques, a**

l'ecole du dimanche ou lors de reunions de plein air. Soyez aimable de nous contacter pour assurer les derniers prix en cours du tableau.

As 10 imagens do coracao, contidas neste livro podem ser obtidas num conjunto de 10 imagens em colorido no tamanho de (86 x 61 cm). Estes "Cartazes do Coracao podem ser obtfdos com caracterfsticas Europeias e Africanas e podem ser usados em conjuncao com o mesmo livro em classes de ensino biblico, evangelizacao ou ao ar livre. Agradeciamos que nos contacta- se para confirmacao do ultimo preco dos cartazes.



Kindly write to us if you are able to assist us with further translations of our free Gospel literature, informing us of the language into which you could translate this Gospel literature. Your assistance would be appreciated.

Copyright ANGP

If you have found salvation in Christ, or have been otherwise blessed through our Gospel literature, please let us know. We would like to thank God with you, and remember you further in our prayers.

Nous vous invitons a nous contacter pour faire des arrangements concernant de nouvelles traductions de notre litterature, nous informant de la langue dans laquelle vous pouvez traduire cette litterature evangelique. Votre aide sera beaucoup appreciee.

Si vous avez trouve le salut en Christ ou si vous avez ete beni par notre litterature, nous vous prions de nous le faire savoir. Nous aimerions remercier Dieu avec vous et prier pour vous.

Nos vos convidamos a nos contactar, afim de fazer qualquer arranjo concernente a novas traducoes de nossa literatura em outras Ifnguas. Vossa assistencia sera muito apreciavel.

Se tem encontrado a salvacao em Cristo, ou se tem sido abencoado por intermedio da nossa literatura evangelica, faca o favor de nos

informar. Pois nos gostarfamos de agradecer a Deus juntamente convosco, e lembra-lo sempre em nossas oracoes.

For free Gospel literature, books and tracts in over 538 languages, write to:

Pour obtenir gratuitement de la litterature evangelique, des livres et des traites en plus de 538 langues, ecrivez a:

Para obter gratuftamente a literatura evangelica, livros e folhetos em mais de 538 Ifnguas diferentes escreva para:

**ALL NATIONS GOSPEL PUBLISHERS**
**P.O. Box 2191**
**PRETORIA**
**0001**
**R.S.A.**

info@angp.co.za

Copyright ANGP

A Gospel Literature Mission financed by donations
Une Mission de litterature evangelique financee de dons
Missao de literatura Evanqelica financiada por donativos

(Reg. No. 1961/001798/08)